# आधारभूत तह कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको पठनगति

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

स्नातकोत्तर तह चौथो सत्रको नेपाली शिक्षा (नेपा.शि. ५४४)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**


शोधार्थी

सरिता थापा


महेन्द्ररत्न क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

ताहाचल, काठमाडौँ

२०८१


आधारभूत तह कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको पठनगति - सरिता थापा २०८१

cfwf/e"t tx sIff rf/df cWoog/t ljBfyL{x¿sf] k7gult

lqe'jg ljZjljBfno lzIffzf:q ;ª\sfo

:gftsf]Q/ tx rf}yf] ;qsf] g]kfnL lzIff -g}=lz= %$$_

kf7\ofz sf] k'/fgf]{ ;|k|t

zf]wkq

zf]wfyL{

;l/tf yfkf

SofDk; qmd;M !@%÷@)&^

k/LIff qmd;M &^@()&&

/lh:6]g g+M (–!–@(–$*!–@))&

dx]Gb| /Tg SofDk;

g]kfnL efiff lzIff ljefu

tfxfrn, sf7df8f}

tfx8951-1.7715 TD 0 Tc -

aTj .4675!Tf'c (|)Tj T* .0001 emfP( ;

## प्रतिबद्धता पत्र

प्रस्तुत शोधप्रत्रमा संलग्न सामग्रीहरू कतैबाट साभार गरिएका छैनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग गरिएका र प्रकाशनमा ल्याइएका पनि छैनन् । यसर्थ यो शोधपत्र सम्पूर्णतः मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

वि.सं. २०८१/११/२५ ............................

(सरिता थापा)

शोधार्थी

TRIBHUVAN UNIVERSITY
महेन्द्ररत्न क्याम्पस
MAHENDRA RATNA CAMPUS
4-271709
4-271728
P.O.Box: 1048
Tahachal, Kathmandu.

Ref No.:-

## सिफारिस पत्र

महेन्द्ररत्न क्याम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह, चौथो सेमेस्टरको नेपाली शिक्षा (नेपा.शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत *आधारभूत तह कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको पठनगति* शीर्षकको शोधपत्र शोधार्थी सरिता थापाले मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक गरिएको यस शोधकार्यबाट म सन्तुष्ट छु । यसर्थ प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा विभागमा सिफारिस गर्दछु ।

मिति : २०८१/११/२५

.......................................

(शि.स.श्री हेरम्बराज बास्तोला)

शोधनिर्देशक

TRIBHUVAN UNIVERSITY
महेन्द्ररत्न क्याम्पस
MAHENDRA RATNA CAMPUS
4-271709
4-271728
P.O.Box: 1048
Tahachal, Kathmandu.

Ref No.:-

## स्वीकृति पत्र

महेन्द्ररत्न क्याम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह, चौथो सेमेस्टरको नेपाली शिक्षा (नेपा.शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ छात्रा सरिता थापाद्वारा तयार पारिएको *आधारभूत तह कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको पठनगति* शीर्षकको प्रस्तुत शोधपत्र नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निम्ति उपयुक्त ठहराएकाले स्वीकृति प्रदान गरिएको छ ।

### मूल्याङ्कन समिति

सहप्रा.डा. नेत्रप्रसाद पौडेल ...................................

(विभागीय प्रमुख)

................................ ...................................

(बाह्य परीक्षक)

(शि.स.श्री हेरम्बराज बास्तोला) ...................................

(शोधनिर्देशक )

मिति : २०८१/०/

सन् : ..., २०२४

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र तयार पार्नका लागि आफ्नो व्यस्तताका बिचबाट समय बचाएर सुरु चरणदेखि नै आवश्यक सरसल्लाह र सुझाव दिई अमूल्य सहयोग प्रदान गर्नुहुने शोधनिर्देशक श्री हेरम्बराज बास्तोलाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै शोधप्रस्ताव लेखनदेखि शोधपत्र तयारीको यस चरणसम्म आइपुग्दा आवश्यक संरचना निर्माण, लेखन, संशोधन, परिमार्जन, मूल्याङ्कन आदि विविध विषयमा निरन्तर सहयोग, सल्लाह र सुझाव प्रदान गर्नुहुने महेन्द्ररत्न क्याम्पस ताहाचल, नेपाली शिक्षा विभागका विभागीय प्रमुख सहप्रा.डा.नेत्रप्रसाद पौडेलप्रति हृदयतः कृतज्ञता प्रकट गर्दछु ।

शोधपत्रको शीर्षक छनोटदेखि लेखनका क्रममा अमूल्य सुझाव दिने आदरणीय गुरुहरू सहप्रा. डा. जीवलाल बस्याल, सहप्रा.डा. तीर्थराज खतिवडा, उपप्रा.डा. राम कुमार राई, उपप्रा.डा. दुर्गाप्रसाद दाहाल, उपप्रा. टीका बहादुर जिरेल र उपप्रा. रामचन्द्र खनालप्रति म आभारी छु । यस क्याम्पसका क्याम्पस प्रमुख सहप्रा. गेहेन्द्रप्रसाद दाहाल र सहायक क्याम्पस प्रमुख डा. गोविन्द देवकोटाप्रति आभार व्यक्त गर्दछु । विविध स्रोतका सन्दर्भ सामग्री उपलब्ध गराई सहयोग गर्ने महेन्द्ररत्न क्याम्पस पुस्तकालय परिवारप्रति पनि म कृतज्ञ छु । यस सन्दर्भमा जन्म दिने बुबाआमा र सम्पूर्ण परिवारजनप्रति आभार प्रकट गर्नु म आफ्नो कर्तव्य ठान्दछु ।

अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न सामग्री उपलब्ध गराइदिनुहुने सामुदायिक विद्यालयतर्फ श्री गीतामाता माध्यमिक विद्यालय र बालविकास आधारभूत विद्यालय साथै संस्थागततर्फ माउण्ट ग्लोरी इङ्लिस बोर्डिङ् स्कुल र दिव्यज्ञान इङ्लिस बोर्डिङ् स्कुलका प्रधानाध्यापक तथा नेपाली विषय शिक्षक तथा विद्यार्थीहरूप्रति म आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्रलाई सरल, सुबोध्य, विश्वसनीय र वस्तुनिष्ठ बनाउन अथक प्रयत्न गर्दा गर्दै पनि त्रुटि एवम् कमीकमजोरीहरू अनेकौं रहेका हुन सक्छन् । म तिनलाई आत्मसात गर्दछु । यसमा जेजस्ता उपलब्धिहरू प्राप्त भएका छन् ती सबै मलाई हौसला र प्रेरणाका साथमा मूल्याङ्कन गरी सल्लाह र सुझाव दिनुहुने गुरुहरूका कारण सम्भव भएका हुन् भन्ने ठान्दछु । शोधपत्र पूरा गर्नका लागि तिमी सक्छयौ थाल भनेर निरन्तर हौसला

प्रदान गर्ने आत्मीय मित्रहरूलाई धन्यवाद दिन्छु । शोधपत्रको प्राविधिक पक्ष मिलाउनका लागि अमूल्य सहयोग पुर्याउने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका जीतेन्द्र महर्जनलाई धन्यवाद दिन्छु ।

अन्त्यमा यसमा जे जति कमीकमजोरी भएका छन् ती सबै मेरा आफ्नै सिकारूपन र असावधानीका उपज हुन् भन्ने कुरा स्वीकार गर्दछु र सबै विज्ञ तथा साथीहरूबाट यसमा आवश्यक सुझाव र सहयोगको अपेक्षा गर्दछु ।

मिति : २०८१/११/२५

........................

(सरिता थापा)

शोधार्थी

## शोधसार

कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको पठनगति शीर्षकको प्रस्तुत शोध अध्ययनका लागि सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा चारका विद्यार्थीहरूको लैङ्गिक, भाषिक र विद्यालयगत भिन्नताका आधारमा पठनगतिस्तरको तुलनात्मक अध्ययन गर्नु  तथा सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा चारका विद्यार्थीहरूको अवधारणागत भिन्नताका आधारमा पठनगतिस्तरको तुलनात्मक विश्लेषण गर्नु गरी दुई उद्देश्य निर्धारण गरिएका छन् । यसमा गुणात्मक ढाँचा तथा पुस्तकालयीय र स्थलगत अध्ययन पद्धति अवलम्बन गरिएका छन् । यसका लागि काठमाडौँ जिल्लाका दुई सामुदायिक विद्यालयबाट ८ र दुई संस्थागत विद्यालयबाट ८ गरी जम्मा १६ जना विद्यार्थीहरू र २ जना शिक्षकलाई नमुनाका रूपमा छनोट गरिएको छ । यसमा तथ्यहरूको सङ्कलनका लागि अन्तर्वार्ता, विद्यार्थीको पठनगति रेकर्ड र कक्षा अवलोकन प्रक्रिया अपनाइएको छ । लैङ्गिक, भाषिक र विद्यालयगत भिन्नताका आधारमा गरिएको प्रस्तुत शोध अध्ययनबाट प्राप्त नतिजालाई निम्न, मध्य र उच्च गरी निर्धारण गरिएको छ । छनोट गरिएको १६ जना विद्यार्थीमध्ये १ जना विद्यार्थीको  पठनगति स्तर उच्च रहेको पाइयो । उक्त छात्राले अतिरिक्त पाठ्यपुस्तक पढ्ने गरेको साथै पढाइ सिपमा ध्यान दिने गरेको पाइएको छ । १२ जना छात्रछात्राको पठनगति स्तर भने मध्यम रहेको पाइएको छ । उक्त १२ जना विद्यार्थीहरू फरक फरक विद्यालयको भएको र पढाइ सिपमा ध्यान नदिएको पाइएको छ । यसका साथै अन्य ३ जना विद्यार्थीभने निम्न पठनगति स्तरमा रहेको छ । उक्त विद्यार्थीहरू निम्न पठनगति स्तरमा हुनाको कारण पढाइ सिपमा ध्यान नदिएको साथै अतिरिक्त पाठ्यपुस्तक पढ्नमा ध्यान नदिएको पाइएको छ ।

सैद्धान्तिक मान्यताअनुसार कक्षा चारमा अध्ययन गर्ने विद्यार्थीहरूको प्रतिमिनेट पठनगति १०० देखि १४० सम्म हुनुपर्नेमा यस अनुसन्धानको नतिजाबाट प्रतिमिनेट पठनगति २८ देखि १४० सम्म रहेको देखिन्छ जुन धेरैमा मेल खाए पनि थोरैमा सिद्धान्ततः मेल खाँदैन  । विद्यार्थीहरूको लैङ्गिक भिन्नताका आधारमा छात्रको पठनगति स्तर  ४८.५ पाइन्छ । त्यस्तै छात्राको ७०.२५ देखिन्छ । यस आधारमा छात्रहरूभन्दा छात्राहरूको पठनगति स्तर उच्च रहेको पुष्टि हुन्छ । यसैगरी भाषिक भिन्नताका आधारमा नेपाली भाषी छात्रछात्राको पठनगति स्तर ६१.५ पाइन्छ । त्यस्तै नेपाली इतरभाषीको छात्रछात्राको ५७.५ देखिन्छ । यसबाट नेपाली इतरभाषी छात्रछात्राभन्दा नेपाली भाषी छात्रछात्राहरूको पठनगति

स्तर सबल रहेको प्रमाणित हुन्छ । शिक्षक र विद्यार्थीको अवधारणागत दृष्टिले कायम भएको पठनगति स्तरमा भिन्नता लैङ्गिक आधारमा र समानता भाषिक आधारका पक्षहरु क्रमशः २१.७५ तथा ३.७५ देखिन्छन् । शिक्षक-विद्यार्थीको अवधारणामा शब्द नचिन्ने बालबालिकालाई पढाइ सिपमा प्रगतितर्फ लैजान र सस्वर वाचन गरी पढ्दा बुझिने पठनगतिमा शिक्षक विद्यार्थीको धारणा समान रहेको सङ्केत गर्दछ ।

प्रस्तुत शोधपत्र लैङ्गिक भिन्नताको आधारमा, भाषिक पृष्ठभूमिका आधारमा, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको पठनगति र शिक्षकहरूको पठनगति सम्बन्धी धारणा समेटी निष्कर्ष निकालिएको छ । यस अध्ययनबाट विद्यार्थीहरूको पठनगति क्षमता सैद्धान्तिक अवधारणा अनुसार कमजोर देखिन्छ । यस शोध अध्ययनबाट शिक्षकहरूलाई भने विद्यार्थीहरूको क्षमता पहिचान गरी सिकाइमा सहजीकरण हुने देखिन्छ । पठनगति अध्ययनबाट विद्यार्थीहरूमा पनि पठन सिप क्षमता अभिवृद्धि हुने देखिन्छ ।

# विषयसूची


| विषय शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|
| प्रतिबद्धता पत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञता ज्ञापन | घ |
| शोधसार | च |
| विषयसूची | ज |
| तालिकासूची | ट |
| स्तम्भ चित्र सूची | ठ |
| सङ्क्षिप्त शब्दसूची | ड |
| **अध्याय एक : शोध परिचय** | **१-५** |
| विषय प्रवेश | १ |
| अध्ययनका समस्या | २ |
| शोध प्रश्न | ३ |
| अध्ययनका उद्देश्य | ३ |
| अध्ययनको औचित्य | ३ |
| अध्ययनको परिसीमा | ४ |
| शोधपत्रको रूपरेखा | ५ |
| **अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन** | **६-१६** |
| सैद्धान्तिक कार्यको पुनरावलोकन | ८ |
| पठन | ८ |
| सस्वर पठन | ९ |
| मौन पठन | १० |

पठनकला शिक्षण १०

पठनकला शिक्षणको महत्त्व ११

पठनगतिको परिचय १२

पठनगति परीक्षणका विधि तथा प्रक्रिया १४

पूर्वकार्य अध्ययनको उपयोगिता १४

अध्ययनको अवधारणात्मक ढाँचा १६

**अध्याय तीन : अध्ययन विधि तथा प्रक्रिया** **१७-१९**

अध्ययन ढाँचा तथा पद्धति १७

सामग्रीका स्रोत १७

जनसङ्ख्या र नमुना १७

सामग्री निर्माण र व्यवस्थापन १८

सामग्री कार्यान्वयन र तथ्य सङ्कलन १८

तथ्यको वर्गीकरण र तालिकीकरण १८

तथ्यको अध्ययन-विश्लेषण १९

**अध्याय चार : अध्ययन तथा विश्लेषण** **२०-३९**

लैङ्गिक भिन्नताका दृष्टिले पठनगति २०

भाषिक भिन्नताका दृष्टिले पठनगति २२

विद्यालयगत भिन्नताका दृष्टिले पठनगति २३

पठनगति विकासमा शिक्षकका कार्यकलाप ३२

पठनगति शिक्षण सिकाइका सम्बन्धमा शिक्षकको धारणा ३४

सामुदायिक विद्यालयका शिक्षकको पठनगति सम्बन्धी धारणा ३४

संस्थागत विद्यालयका शिक्षकको पठनगतिसम्बन्धी धारणा ३६

पठनगतिसम्बन्धी विद्यार्थीको धारणा ३७

सामुदायिक विद्यालयका छात्राको बुझाइ ३७

सामुदायिक विद्यालयका छात्रको बुझाइ ३७

संस्थागत विद्यालयका छात्राको बुझाइ ३८

संस्थागत विद्यालयका छात्रको बुझाइ ३८

**अध्याय पाँच : उपसंहार** **४०–४३**

प्राप्ति ४०

उच्च पठनगति स्तर ४०

मध्यम पठनगति स्तर ४०

निम्न पठनगति स्तर ४०

निष्कर्ष ४१

विद्यार्थीको अवधाणागत भिन्नता ४१

शिक्षकको अवधाणागत भिन्नता ४२

शैक्षणिक उपादेयता ४२

भावी अध्ययनका सम्भावित शीर्षकहरू ४३

**सन्दर्भ सामग्री सूची** **४४–४५**

**परिशिष्टाङ्क** **क-ज**

**व्यक्तिवृत्त**

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **तालिका १** | *लैङ्गिक भिन्नताका दृष्टिले पठनगति* | *२०* |
| **तालिका २** | *भाषिक भिन्नताका दृष्टिले पठनगति* | *२२* |
| **तालिका ३** | *विद्यालयगत भिन्नताका दृष्टिले पठनगति* | *२३* |
| **विद्यालय १** | | |
| **तालिका ४** | *लैङ्गिक आधारमा* | *२५* |
| **तालिका ५** | *भाषिक आधारमा* | *२५* |
| **तालिका ६** | *सहभागी विद्यार्थीको समग्र पठतगति स्तर* | *२६* |
| **विद्यालय २** | | |
| **तालिका ७** | *लैङ्गिक आधारमा* | *२७* |
| **तालिका ८** | *भाषिक आधारमा* | *२७* |
| **तालिका ९** | *सहभागी विद्यार्थीको समग्र पठतगति स्तर* | *२८* |
| **विद्यालय ३** | | |
| **तालिका १०** | *लैङ्गिक आधारमा* | *२९* |
| **तालिका ११** | *भाषिक आधारमा* | *२९* |
| **तालिका १२** | *सहभागी विद्यार्थीको समग्र पठतगति स्तर* | *३०* |
| **विद्यालय ४** | | |
| **तालिका १३** | *लैङ्गिक आधारमा* | *३१* |
| **तालिका १४** | *भाषिक आधारमा* | *३१* |
| **तालिका १५** | *सहभागी विद्यार्थीको समग्र पठतगति स्तर* | *३२* |

# स्तम्भ चित्र सूची


| स्तम्भ चित्र | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **स्तम्भ चित्र १** | *लैङ्गिक भिन्नताका दृष्टिले पठनगति* | *२१* |
| **स्तम्भ चित्र २** | *भाषिक भिन्नताका दृष्टिले पठनगति* | *२२* |
| **स्तम्भ चित्र ३** | *विद्यालयगत भिन्नताका दृष्टिले पठनगति* | *२४* |

## सङ्क्षिप्त शब्दसूची

| **सङ्क्षिप्त रूप** | **पूर्ण रूप** |
|---|---|
| उपप्रा. | उपप्राध्यापक |
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यलय |
| नेपा.शि. | नेपाली शिक्षा |
| पृ.सं. | पृष्ठ सङ्ख्या |
| वि.सं. | विक्रम संवत् |
| सहप्रा. | सहप्राध्यापक |

# अध्याय एक

# शोध परिचय

## विषय प्रवेश

विद्यालयको वर्तमान संरचनाअनुसार कक्षा चार आधारभूत तहमा पर्दछ । यस कक्षामा १० देखि ११ वर्ष उमेर समूहका बालबालिकाहरू पढ्छन् । नेपाली भाषा सिकाइका सन्दर्भमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप आर्जन गर्न र तिनमा परिष्कार ल्याउन प्रयास गरिन्छ । पठनगति भन्नाले पठनगति पढाइ सिपको अभिन्न पक्ष हो । पठनगति भन्नाले व्यक्ति पुस्तक वा लेख पढ्दा तिनको रफ्तार वा गतिलाई जनाउँछ । पठनगतिले ती सामग्री पढ्दा के कति समय लाग्छ भन्ने कुरा मात्र होइन, बरु पाठकले कसरी र कति छिटो जानकारीलाई ग्रहण गर्छ भन्ने कुरालाई पनि निर्धारण गर्छ (क्यार्भर, सन् १९९०, पृ. २३) । यसका लागि वर्ण पहिचान, वर्ण विभेदीकरण, शुद्धोच्चारणजस्ता पक्षहरूपठनका पूर्वाधारका रूपमा आउँछन् । पठनगति राम्रो हुनुको अर्थ उल्लिखित पूर्वाधार साम्रो हुनुका साथै सिकारुको बोधको आधार बलियो हुनु हो ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा विभाजन गरेको छ । आधारभूत तह अन्तर्गत कक्षा चारलाई ८ देखि ९ वर्ष सम्म विभाजन गरी सिकाइ क्षमता स्तर तह २ मा कायम गरेको छ । कक्षा चारका विद्यार्थीहरूका लागि लिखित सामग्रीलाई गति, यति, लय मिलाइ शुद्ध र स्पष्टसँग वाचन गर्न सक्ने सिकाइ उपलब्धि रहेको छ । पाठको प्रवाहपूर्ण पठन गरी विषयवस्तुको बोध र सन्दर्भपरक अभिव्यक्ति दिन सक्ने सक्षमता निर्धारण गरेको छ । भाषिक सिपमा पढाइ अन्तर्गत समयबद्ध सस्वर पठन र गति वृद्धि, हाउभाउ सहित भूमिका निर्वाह, तर्क समर्थन र विचार प्रस्तुति, विषयबोध र प्रश्नोत्तर गरी चार ओटा बुँदा समेटिएको छ (आधारभूत पाठ्यक्रम, २०७८, पृ. १४, १७, २३) । पठनबोध अन्तर्गत शब्दोच्चारण, सस्वरपठन, प्रवाह र प्रतिक्रिया, चित्रात्मक प्रस्तुति जस्ता विषयवस्तु समेटिएका छन् ।

प्रस्तुत शोधपत्र कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको पठनगतिको अध्ययनमा आधारित रहेको छ । यसका लागि सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूलाई संलग्न गराइएको छ । सामान्यतः पढाइ सिपको विकासबिना कुनै पनि विद्यार्थीहरूको भाषिक सिप अभिवृद्धिको पक्ष पूरा हुन सक्तैन । यसर्थ पठनगतिलाई भाषा शिक्षणको महत्त्वपूर्ण अङ्ग बनाइने गरेको देखिन्छ । पढाइ सिपका लागि पठनगति अपरिहार्य हुनेगर्छ । विद्यार्थीको पठन क्षमता अभिवृद्धिका लागि भाषा पाठ्यक्रममा सुनाइ, बोलाइ र लेखाइ सिपजस्तै पढाइलाई पनि महत्त्व दिइएको छ । यहाँ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनगतिको परीक्षण गर्नु आवश्यक देखिएको छ । यसर्थ आधारभूत तहदेखि नै विद्यार्थीहरूमा पठनकौशल विकास गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखेर प्रस्तुत अध्ययन गरिएको छ ।

**समस्याकथन**

भाषा सिकाइको आधारभूत सिप पढाइमार्फत विभिन्न विषयसम्वद्ध ज्ञान र भाषासम्बद्ध सिप आर्जन हुनेगर्दछ । यसर्थ भाषिक सिप सिकाइ मापनका लागि विद्यार्थीहरूको पठनगति क्षमताको अध्ययन आवश्यक देखिएको छ । भाषाका चारओटा सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये पठनगति मूलतः पढाइको एक महत्त्वपूर्ण पक्ष मानिन्छ । लिपिबद्ध भाषिक अभिव्यक्तिलाई आवाज निकालेर श्रोताले सुन्ने गरी सजीव वा अर्थपूर्ण बनाउनु पठनगति  हो । निश्चित समयमा निश्चित सामग्री पढिसक्ने पठनको तरिका पठनप्रवाह हो । यसबाट लेख्य सामग्रीलाई बुझेर उच्चारण गरी पठनगतिको भाषाको स्वभाविकताअनुसार आफूले बुझ्ने र अरूलाई पनि बुझाउन सकिन्छ । पठनगति भाषिक सिप विकासको प्रारम्भिक चरण मानिएको छ । यसबिना पढाइको उद्देश्य पूरा नहुने हँदा विशेष गरी प्राथमिक तहमा पठन क्षमतालाई बढी महत्त्व दिने गरिएको छ । पठनगतिले मौखिक र लिखित दुबै भाषासँग सम्बन्ध राख्दछ (उल्फ र कजिर, सन् २००१) । प्रस्तुत अध्ययनलाई यसै विषयमा केन्द्रित गरिएको छ । प्रस्तुत अध्ययनका लागि कक्षा चारका विद्यार्थीहरूको पठनगतिको अवस्था मापन गर्न लैङ्गिक भिन्नता भाषिक भिन्नता र विद्यालयगत भिन्नतालाई मुख्य तथा यसका बारेमा शिक्षक र विद्यार्थीको धारणासमेतलाई पूरकका रूपमा समेट्ने काम भएको छ ।  यसका लागि सामुदायिक र संस्थागत विद्यालयमा

अध्ययनरत १६ जना विद्यार्थी छनोट गरिएका छन् । कक्षा  चारका विद्यार्थीको पठनगति क्षमता मापन गर्ने विषयलाई यसमा मुख्य समस्या बनाइएको छ । यसभन्दा अघि यस शीर्षकमा सम्यक अध्ययन नभएकाले सोही रिक्तताको परिपूर्तिका लागि प्रस्तुत अध्ययन गरिएको हो ।

**शोधप्रश्न**

यस अध्ययनका लागि निम्नलिखित तीन शोधप्रश्न तयार पारिएका छन् :

(क) सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा चारका विद्यार्थीहरूको लैङ्गिक भिन्नताका दृष्टिले पठनगतिस्तर के-कस्तो छ ?

(ख) सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा चारका विद्यार्थीहरूको भाषिक भिन्नताका दृष्टिले पठनगतिस्तर के-कस्तो छ ?

(ग) सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा चारका विद्यार्थीहरूको विद्यालयगत एवम् शिक्षक र विद्यार्थीको अवधारणागत भिन्नताका दृष्टिले पठनगतिस्तर के-कस्तो छ ?

**अध्ययनका उद्देश्य**

प्रस्तुत शोधअध्ययनलाई निम्नलिखित दुई उद्देश्यमा केन्द्रित गरिएको छ :

(क) सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा चारका विद्यार्थीहरूको लैङ्गिक र भाषिक भिन्नताका आधारमा पठनगतिको तुलनात्मक अध्ययन गर्नु ।

(ख) सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा चारका विद्यार्थीहरूको विद्यालयगत एवम् शिक्षक र विद्यार्थीको अवधारणागत भिन्नताका आधारमा पठनगतिको तुलनात्मक विश्लेषण गर्नु ।

**अध्ययनको औचित्य**

पठनगति क्षमताको अध्ययनले शिक्षकलाई विषयवस्तुको ज्ञान प्राप्ति र विद्यार्थीलाई बोधात्मक क्षमता आर्जन गर्न सहयोग गर्दछ । यसले विद्यार्थीको क्षमता पहिचान गर्न तथा सिकाइ सहजीकरणमा सहयोग पुग्ने औचित्य पुष्टि भएको छ । विद्यार्थीमा पठन शैलीको

विकास गराउनुका साथै विद्यार्थीको पठन सिपको दक्षता अभिवृद्धि गराउन मदत पुग्ने औचित्य पुष्टि भएको छ । अभिभावकलाई आफ्ना बाबुनानीको पठन क्षमता विकासमा सहयोग गर्न सुझ प्राप्त हुन्छ । शिक्षकलाई अन्य पाठ्य सामग्रीसमेत उपलब्ध गराई विद्यार्थीको पठन सिप विकासमा सहयोग गर्न प्रेरणा प्राप्त हुन्छ । यसले सम्बन्धित क्षेत्रमा विद्यार्थीको पठनक्षमता र प्रयोग क्षेत्रका बारेमा स्पष्ट नीति तर्जुमा गर्न सहयोग गर्छ । पठनगतिसम्बद्ध यस अध्ययनका माध्यमबाट भावी अनुसन्धाताहरूलाई  सम्बन्धित विषयमा निकट रही अन्य विषय क्षेत्रमा अनुसन्धान गर्न र यससम्बन्धी देखिएका कमीकमजोरीहरू निराकरण गर्न सहयोग प्राप्त हुने औचित्य रहेको छ ।

**अध्ययनको परिसीमा**

प्रस्तुत शोधअध्ययन कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको पठनगति क्षमताको मापनमा आधारित रहेको छ । अध्ययनलाई देहायबमोजिम सीमित गरिएको छ :

(क) प्रस्तुत अध्ययनलाई बागमती प्रदेश, काठमाडौँ जिल्ला, काठमाडौँ महानगरअन्तर्गत १४ र १५ वडाभित्रका २ सामुदायिक र २ संस्थागत विद्यालयमा सीमित गरिएको छ ।

(ख) यसलाई सामुदायिक विद्यालयहरूअन्तर्गत बालविकास आधारभूत विद्यालय, काठमाडौँ र गीतामाता माध्यमिक विद्यालय, काठमाडौँमा सीमित गरिएको छ ।

(ग) संस्थागत विद्यालयअन्तर्गत माउन्ट ग्लोरी इङ्लिस बोर्डिङ् स्कुल, काठमाडौँ र दिव्यज्ञान इङ्लिस बोर्डिङ् स्कुल, काठमाडौँमा परिसीमित छ ।

(घ) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा चारमा अध्ययनरत विद्यार्थीमध्ये छात्र ८ र छात्रा ८ गरी जम्मा १६ जना विद्यार्थीमा मात्र सीमित रहेको छ ।

(ङ) नेपाली भाषी ८ जना र नेपाली इतर भाषी ८ जना विद्यार्थीको पठनगतिस्तर परीक्षणमा सीमित रहेको छ ।

**शोधपत्रको रूपरेखा**

प्रस्तुत अध्ययन निम्नलिखित पाँच अध्यायमा पूरा गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन

अध्याय तीन : विधि तथा प्रक्रिया

अध्याय चार : तथ्यहरूको विश्लेषण

अध्याय पाँच : उपसंहार

## अध्याय दुई

## पूर्वकार्यको पुनरावलोकन

प्रस्तुत अध्यायमा प्रायोगिक कार्यको पुनरावलोकन शीर्षकअन्तर्गतका विषयहरू समेटिएका छन् । पठन गति सम्बद्ध र निकट रहेर गरिएका अध्ययनहरूको पुनरावलोकन गरिएको छ । विद्यार्थीहरूको पठन प्रक्रियामा संज्ञानात्मक विकासको पनि गहिरो सम्बन्ध गाँसिएको हुन्छ । (चु र यु सन् २०२०) का अनुसार बालबालिकामा पठन गति बढाउँदा संज्ञानात्मक क्षमतामा समेत सुधार हुन्छ । यस कुराले पठन गति र भाषा दक्षता बिच सकारात्मक सम्बन्ध रहेको पुष्टि हुन्छ । कक्षा चारका विद्यार्थीहरूमा रहेको पठन गतिसम्बन्धी क्षमताको अध्ययन गरी प्राप्त निष्कर्षका आधारमा बालबालिकाको भाषा सिकाइमा प्रभावकारी शिक्षण सहजीकरणका विधिहरू र सुधारात्मक रणनीतिहरू विकासका लागि शिक्षकलाई आधार उपलब्ध गराउन सक्छ । यसै पक्षलाई ध्यानमा राखी गरिएको अध्ययनको यस खण्डमा यस पूर्व गरिएका अध्ययनहरूको पुनरावलोकन गरिएको छ । सैद्धान्तिक अवधारणा खण्ड अन्तर्गत भने पठन, सस्वर पठन, मौन पठन, पठनकला शिक्षण र पठनकला शिक्षणको महत्त्व उपशीर्शकमा सैद्धान्तिक आधारहरू प्रस्तुत गरिएको छ ।

खनाल (२०५४) द्वारा *कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरू* भन्ने शीर्षकमा शोधपत्र तयार पारिएको छ । *यसका* लागि कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरू के-कस्ता छन् भन्ने प्रश्नलाई प्रमुख अनुसन्धान प्रश्न र कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरू पत्ता लगाउने उद्देश्य निर्धारण गरिएको छ । व्याख्यात्मक ढाँचा अपनाएर गरिएको यस अध्ययनमा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको अध्ययन विश्लेषण गरिएको छ । यस शोधअध्ययनबाट शिक्षकले अपनाएका शिक्षण विधिमा विविधता देखिएको तर पाठ्यक्रमले निर्देश गरेका विधितर्फ भने शिक्षकको कम मात्र ध्यान पुगेको भन्ने निष्कर्ष निकालिएको छ । यसबाट प्रस्तुत अध्ययन यस अध्ययनको विषयसँग निकट रहे पनि पठनगतिको अध्ययनको पक्ष समेट्न सकेको देखिदैन ।

खड्का (२०६९) द्वारा *कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध अध्ययन* गरेको पाइयो । यसका लागि कक्षा १० का विद्यार्थीहरूको क्षमता सम्बन्धी समस्या के कस्ता

छन् ? भन्ने प्रश्नलाई प्रमुख अनुसन्धान प्रश्न र कक्षा दशमा अध्ययनरत नेपाली विद्यार्थीहरूको पठनबोध पहिल्याउनु र उपयूक्त समूहबीच पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्नु उद्देश्य निर्धारण गरिएका छन् । सर्वेक्षण विधि अपनाएर गरिएको यस अध्ययनमा कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरिएको छ । पठनबोध क्षमतामा क्षेत्रगत रूपमा हेर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतामा अन्तर नदेखिएको निष्कर्ष निकालिएको छ । यसबाट प्रस्तुत अध्ययन यस अध्ययनको विषयसँग निकट रहेपनि पठनगतिको अध्ययनको पक्ष समेट्न सकेको देखिदैन ।

आचार्य (२०७२) द्वारा *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनगति अध्ययन* गरेको पाइयो । यसका लागि कक्षा पाँचका विद्यार्थीहरूको पठनगति क्षमतम के कस्तो रहेको छ ? भन्ने प्रश्नलाई प्रमुख अनुसन्धान प्रश्न र पहिलो भाषी र दोस्रो भाषी छात्र र छात्राको पठनगति क्षमताको अध्ययन गर्ने र विद्यार्थीहरूको पठनगति क्षमता सम्बन्धी समस्या र तिनको कारण पत्ता लगाउने उद्देश्य निर्धारण गरिएका छन् । क्षेत्रीय अनुसन्धान तथा पुस्तकालयीय विधि अपनाएर गरिएको यस अध्ययनमा कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरिएको छ । चिह्न प्रयोगमा विद्यार्थीको स्तर सबैभन्दा राम्रो रहेको र दोस्रो भाषीको तुलनामा पहिलो भाषी केही राम्रो देखिएको निष्कर्ष निकालिएको छ ।

इन्दिरा (२०७३) द्वारा *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* गरेको पाइयो । यसका लागि कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका दृष्टिले पठनबोध क्षमता के कस्तो रहेको छ ? भन्ने प्रश्नलाई अनुसन्धान प्रश्न र कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूमा लैङ्गिक दृष्टिले पठनबोध क्षमता पहिचान गर्नु, कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूमा भाषिक दृष्टिले पठनबोध क्षमता पहिचान गर्नु उद्देश्य निर्धारण गरिएका छन् । सर्वेक्षण विधि अपनाएर तथ्याङ्क सङ्कलन गरिएको छ । नेपाली भाषी विद्यार्थीहरूभन्दा नेपाली इतर भाषी विद्यार्थीहरूको पठनबोध क्षमता बढी देखिएको निष्कर्ष निकालिएको छ ।

सुवेदी (२०६०) द्वारा पाँच कक्षामा अध्ययनरत विद्यार्थीहरूको सस्वर वाचन सम्बन्धी अध्ययन गरेको पाइन्छ । विद्यार्थीहरूमा सस्वरवााचन सम्बन्धी के कस्तो समस्या रहेको छ ? भन्ने प्रश्नलाई प्रमुख अनुसन्धान प्रश्न र विद्यार्थीहरूमा सस्वरवाचन सम्बन्धी देखिएको समस्या पहिचान र निराकरण गर्ने उद्देश्य निर्धारण गरिएका छन् । अवलोकन विधि अपनाएर

तथ्याङ्क सङ्कलन गरेको पाइयो ।  यस अध्ययनमा सस्वरवाचनको समग्र स्थितिलाई हेर्दा विद्यार्थीहरूले विराम चिह्नलाई ख्याल नगरी स्वर प्रशारण र आरोह अवरोह नमिलाइ कहीँ कहीँ कम विराम गरेका गति, यति, लय, उपयुक्त चेष्टा र हाउभाउपूर्ण तरिकाले अङ्ग सञ्चालन गर्न नसकेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

**सैद्धान्तिक कार्यको पुनरावलोकन**

***पठन***

पठन भनेको कुनै पनि लेख, किताब वा सूचना सामग्रीलाई ध्यानपूर्वक पढेर त्यसको अर्थ, भाव र सन्देशलाई ग्रहण गर्ने प्रक्रिया हो । यसले भाषागत दक्षता बढाउनुका साथै विद्यार्थीहरूको संज्ञानात्मक विकास र विश्लेषणात्मक सोचमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । पठन अन्तर्गत विभिन्न मौखिक पठन, मौन पठन, समूह पठन र स्वतन्त्र पठन जस्ता विविध प्रकार छन् । मौखिक पठनमा पाठलाई उच्चारण गर्दै पढिन्छ जसले श्रवण र सम्झनाको क्षमता विकास गर्छ भने मौन पठनमा विद्यार्थीले मनमनै पाठलाई अवलोकन गरी बुझ्ने प्रयास गर्छन् । समूह पठनले सहपाठीहरूबीच विचार आदान-प्रदान गरी पाठको समग्र समझलाई सुदृढ बनाउँछ र स्वतन्त्र पठनले आत्मनिर्भर अध्ययन तथा विश्लेषणात्मक सोचलाई प्रोत्साहन गर्दछ (प्याटले सन् २०२५) । यसर्थ विद्यार्थीको उमेर, तह र कक्षाअनुसार सस्वर पठन सँगसँगै मौनपठनको विकास गराउनु आवश्यक हुन्छ ।

पठनकलाको उत्कृष्ट रूप मौन पठन र यसको केन्द्रीय तत्व  पठनबोध हो । भाषिक सन्दर्भमा बोधको अर्थ सामान्यत : सुनेका वा पढेका सामग्रीहरूको अर्थ बुझाइ भए पनि व्यापक रूपमा कुनै मौखिक, लिखित, दृश्य वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु बोध हो । पठनबोधमा पाठकले सामान्यत : लिगित वा मुद्रित सामग्रीमा लेखकले अभिव्यक्त गरेका अर्थ वा विभिन्न तत्त्वहरूलाई एकसाथ आफ्नो मस्तिष्कमा धारण गर्दछ (शर्मा र पौडेल २०६०, पृ.१०७, १०८) । पठनबोध क्षमताको विकासका लागि सस्वर पठनभन्दा मौनपठन बढी उपयोगी हुन्छ ।

*सस्वर पठन*

यो लिखित सामग्रीलाई अर्काले सुन्ने गरी आवाज निकालेर पढ्ने एक प्रकारको पठनकला मानिन्छ । लिखित भाषा वा सामग्रीलाई ध्वन्यात्मक पाराले पढ्ने कुरा पनि सस्वर पठनअन्तर्गत पर्छ । यसको शिक्षण भाषा शिक्षणका दृष्टिले महत्त्वपूर्ण मानिन्छ । यसबाट विद्यार्थीहरूमा गति, यति वा आरोह, अवरोह मिलाएर शुद्धोच्चारण गरी पढ्ने बानीको विकास हुन्छ (स्रोत उल्लेख गर्ने) भन्ने विश्वास गरिन्छ । यसमा विद्यार्थीलाई लिपिबद्ध गरिएका विषयवस्तुलाई शुद्ध र स्पष्टसँग उच्चारण गरी पढ्न लगाउने काम हुन्छ । वर्ण, शब्द, पदावली, वाक्यजस्ता भाषिक एकाइहरू अरूले सुन्न सक्ने गरी उपयुक्त हाउभाउ, मुखमुद्रा तथा ठिकठिक किसिमको स्वर निकालेर पढ्ने काम यसमा हुनेगर्छ ।

प्रारम्भिक कक्षाका शिक्षार्थीहरूलाई सस्वरपठनको अभ्यास गराउनको प्रयोजन र माध्यमिक एवम् उच्च तहका शिक्षार्थीहरूलाई यसको अभ्यास गराउनमा स्पष्ट रूपमा भिन्नता हुन्छ । सस्वरपठन गर्दा विचार गर्नुपर्ने अर्को महत्त्वपूर्ण कुरा लिपिबद्ध साामग्रीलाई भावअनुसार आघात, लय र स्वरप्रसारण वा अनुतान मिलाई पढ्नु हो । नेपाली भाषामा आघातले शब्दको अर्थ फरक भएको फेला पर्दैन तर वाक्यमा प्रयुक्त शब्दहरूमा कुनै शब्दको अर्थलाई बढी जोड दिनु छ भने अथवा शब्दको अर्थमा दृढताको सङ्केत गर्नु छ भने हामी शब्द वा त्यसको कुनै अंशमा जोड दिएर भन्ने गर्छौं । वक्ताका बोलीमा स्वरको आरोह, अवरोह अथवा प्रसारणले गर्दा पाइने अर्थगत विभिन्नता स्वरप्रसारण अन्तर्गत पर्छ (अधिकारी, २०४६, पृ. १२६) । यसरी शिक्षार्थीहरूलाई सस्वरपठनको अभ्यास गराउनको प्रयोजन र तहअनुसार भिन्न हुन्छ ।

यसमा लिखित सामग्रीको बोधका साथै श्रोता र शब्दोचारणको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । पाठ्य सामग्रीलाई बुझेर पढ्नुका सँगसँगै त्यसलाइ कथ्य भाषाको स्वभाविकताअनुसार प्रभावकारी उच्चारण गरेर श्रोता समक्ष पुर्याउने तत्परता पनि रहने हुनाले यस अभिप्रायमा यो मौनपठनभन्दा जटिल किसिमको मानिन्छ । सस्वर पठन लेख्य सामग्रीलाई बोलिमा परिणत गर्ने सिप हो । सस्वर पठन पढाइ सिपको प्रारम्भिक चरण पनि हो । पढाइको प्रारम्भमा ध्वनिप्रतिक वा लिपिबद्ध अक्षर वा वर्णलाई उच्चारण गर्ने अध्यास हुन्छ (शर्मा र पौडेल २०६०, पृ ११२) । त्यसपछि क्रमशः वर्णोच्चारण, शब्दोच्चारण गर्दै

वाक्य, अनुच्छेद र समग्र पाठकै उच्चारण गरेर पढ्ने काम हुन्छ । सस्वर पठन व्यक्तिगत र सामुहिक दुवै किसिमको हुन सक्छ ।

### मौन पठन

लेखिएका वा लिपिबद्ध गरिएका विविध सामग्रीहरूलाई आवाज ननिकाली मनमनै पढ्ने पठन विशेषलाई मौन पठन भनिन्छ । यस्तो पठनमा हाउभाउ, मुद्रा वा चेष्टा आदिको प्रदर्शनपूर्ण अभिनयको आवश्यकता पर्दैन (सुवेदी, २०८१, पृ. ६४-६५) । मौनपठनबाट उच्चस्तरीय बोध क्षमता हासिल गराउन सकिने भएकाले यो पठनबोधका लागि माथिल्ला तहका कक्षाहरूमा पठनबोध शिक्षणका लागि प्रभावकारी मानिन्छ (पन्त, २०८०, पृ. १०५-११०) ।  बोध गरेर लिने ज्ञान, सिप र धारणा बालबालिकाले भविष्यमा सिक्नुपर्ने ज्ञान र सिपसँग जोडिएको हुन्छ । लेख्य सामग्रीलाई उच्चारण नगरी वाचन गर्ने प्रक्रिया नै मौन पठन हो । यसमा अङ्ग परिचालन वा भाषिकेतर कार्यकलापको आवश्यकता पर्दैन । पाठकले आफ्ना आँखालाई पाठ्यसामग्रीका लिखित भाव वा विचारहरूमा केन्द्रित गर्दछ । यस्तो पठन प्रारम्भिक कक्षाहरूमा भन्दा उपल्ला कक्षाहरूमा बढी उपयुक्त हुन्छ । मौन पठनबाट स्वाध्ययन गर्ने बानीको विकास भई अध्ययन र अभ्यासमा निर्भरता बढ्दै जान्छ । विद्यार्थीहरू शिक्षकहरूबाट उपलब्ध सामग्रीहरूभन्दा बढी सामग्री खोजेर अध्ययन गर्न सचेत रहन्छन् । प्रयोजन र आवश्यकताअनुसार विभिन्न सामग्री अध्ययन विश्लेषण गर्न सक्छन् साथै मौन पठनको अभ्यासबाट ज्ञानको जिज्ञासा बढ्दै गई असल, योग्य र स्वावलम्बी व्यक्ति बन्ने प्रेरण समेत प्राप्त गर्दछन् । सस्वर पठनमा विभिन्न क्रियाहरूमा ध्यान केन्द्रित गर्नुपर्ने हुनाले पाठ्यसामग्रीबाट मूल भाव पहिल्याउन कठिनाइ हसन्छ तर मौन पठनमा समग्र दृष्टि र ध्यान पाठ्यसामग्रीमा लगाए पुग्ने हुँदा भाव ग्रहण गर्नमा सरलता हुन्छ । फेरी मौन पठनको मुख्य उद्देश्य नै मूल आशय पहिल्याउनमा केन्द्रित रहने हुँदा त्यसैमा ध्यान केन्द्रित हुनु स्वभाविक हुन्छ (शर्मा र पौडेल २०६० पृ.११२, ११३) । मौन पठनमा वातावरण पनि शान्त रहन्छ जसले गर्दा मानसिक एकाग्रता बढ्न गई पठित विषयबस्तु गहिरिएर बुझ्न अधिकतम अवसर मिल्छ ।

### *पठनकला शिक्षण*

लेखिएका वा लिपिबद्ध गरिएका सामग्रीहरूलाई व्यवस्थित तरिकाले पढेर बुझी अरूलाई पनि बुझाउन सक्ने कलाको शिक्षणलाई पठनकला शिक्षण भनिन्छ । यसमा

लिखित सामग्रीबाट प्राप्त गर्न सकिने कलाको शिक्षण गरिन्छ । यस्तो शिक्षणको मुख्य अभिप्राय : आँखा र मस्तिष्कको सहायताले दृश्य संकेतहरूलाई द्रुत गतिमा सङ्गठित गरेर बुझ्ने सिप र क्षमताको विकास गराउनु हो । साथै विविध विषयको ज्ञानमा वृद्धि भई शब्द भण्डारको विकास पनि गराउनु यसअन्तर्गत पर्छ । विद्यार्थीका लागि देखेका, सनेका कुराहरूबाट मात्र ज्ञानको भोक मेटाउन सकिँदैन । यसर्थ लेख्य सामग्रीको पढाइबाट धेरैभन्दा धेरै ज्ञान हासिल गर्न पठनकला शिक्षणको आवश्यकता पर्छ (पन्त, २०८०, पृ. १०५-११०) । यसमा भाषिक वर्ण, शब्द, पदावली, वाक्यजस्ता भाषिक एकाइहरू वा भाषामा लिपिबद्ध गरिएका विषयवस्तुलाई शुद्ध र स्पष्टसँग उच्चारण गराउन सकिन्छ । यसबाट बोलाइ सिप, पठनबोध र लेखाइमा सुधार ल्याउन सकिन्छ । लिपिबद्ध दृश्यात्मक भाषामा उतारिएका ज्ञाम एवम् सूचनालाई मस्तिष्कले सङ्गठित गरेर अर्थबोध गर्नु वा ग्रहण गर्नु पठनकला हो । आँखा र मस्तिष्कको संलग्नताले पाठकका पुर्वानुभवित संज्ञान र दृश्यसङ्केतलाई द्रुततापूर्वक सङ्गठित गरेर बुझ्ने सिप र क्षमता नै पठनकलाको अभिप्राय हो । पठनका क्रममा अक्षर, शब्द, पदावली र वाक्यहरूको पहिचान, आफ्ना अनुभवका आधारमा तिनको सङ्गठन र आफ्नो बोध क्षमताको आधारमा तिनको अर्थ लगाउने कार्यले पठनकला उत्कृष्टतातर्फ पुग्दछ भने त्यसभन्दा विपरीत स्थितिमा पठनकलामा ह्रास आउँछ । पठनकलामा दृश्यात्मक अभिव्यक्तिलाई पाठकले वैचारिक बिम्बमा परिणत गरी अर्थ पहिल्याउने काम गर्छ । आँखा दृश्यात्मक प्रतीक (अक्षर,शब्द, पदावली,वाक्य आदी) र अर्थानुसन्धान यी तीन कुराको एकैसाथ संलग्नता रहने हुनाले पठनकला एउटा जटिल प्रक्रिया पनि हो ।

***पठनकला शिक्षणको महत्त्व***

बालबालिकाहरूका लागि समन्यायिक ढङ्गले शैक्षिक पहुँच विस्तार गरी सान्दर्भिक एवम् गुणस्तरीय शिक्षा उपलब्ध गराउन र शैक्षिक क्षेत्रको संथागत क्षमता विकास गर्न विद्यालय क्षेत्र सुधार कार्यक्रम (२००९-२०१५) लागु भएको देखिन्छ । उक्त कार्यक्रमको मध्यावधि मूल्याङ्कन, २०१२ को प्रतिवेदनले शैक्षिक पहुँच विस्तारमा उल्लेख्य वृद्धि भएको तर शैक्षिक गुणस्तरमा भने अपेक्षित सुधार हुन नसकेको तर्फ सरोकारवालाको ध्यानाकर्षण गरेको पाइन्छ ।

पठनकला शिक्षण पढाइ सिप विकास, विषयवस्तु बोध र पढाइ प्रवाह विकासका लागि बालबालिकाको पहिलो भाषा/मातृभाषामा सिकाइ सहजीकरण सम्बद्ध क्रियाकलाप सञ्चालन गर्दा सिकाइ सजिलो र छिटो हुन्छ । भाषिक सिपका आधारभूत पक्षहरूको विकास अपरिचित भाषाबाट असजिलो र कठिन हुन्छ र भयरहित तथा बालमैत्री तरिकाबाट सिकाइ सहजीकरण सम्बद्ध क्रियाकलाप सञ्चालन गरिएमा बालबालिकाहरूले प्रारम्भिक तहमा नै पहिलो, दोस्रो तथा अन्य भाषा एकैसाथ पनि सिक्न सक्छन् भन्ने सिद्धान्तमा आधारित हुन्छ (शर्मा र अधिकारी, २०५५) । यसरी भाषा सिकाइको वातावरण भयरहित वातावरण आवश्यक हुन्छ ।

***पठनगतिको परिचय***

पढाइ भनेको भाव ग्रहण गर्नु हो । लिपिबद्ध सामग्रीलाई आँखा र मस्तिष्कका माध्यमद्वारा अर्थ ग्रहण गर्दै पढ्नु हो । पढाइ भाव ग्रहण गर्नु मात्र नभई मनोरञ्जनको माध्यम मानिएको छ । भाषाका चारवटा सीपहरूमध्ये पढाइ तेस्रो सिप हो । पढाइ भनेको लिपिबद्ध भाषामा उतारिएका ज्ञान एवम् सूचनालाई पाठकद्वारा आफ्नो मस्तिष्कले सङ्गठित गर्ने सिप हो । लिपिबद्ध सामग्री बुझ्नका साथै बुझाउन सक्ने क्षमता प्राप्त गर्नु पढाइको मुख्य प्रयोजन मानिन्छ । पठनगतिलाई ज्ञान आर्जनका साथै मनोरञ्जनका रूपमा लिइन्छ । फुर्सदको समयमा विभिन्न लेख, रचना, पत्रपत्रिका, पुस्तक आदि पढेर आनन्द लिनुका साथै सिकाइलाई विषयवस्तु तथा लेख्य सामग्रीमा भएको ज्ञान एवम् सूचना प्राप्त गर्न पनि पठन सिपले मदत गर्दछ (शर्मा र पौडेल, २०७०, पृ. १२१) । यो लेखिएका वा लिपिबद्ध गरिएका सामग्रीहरूलाई व्यवस्थित तरिकाले पढेर बुझेपछि अरूलाई बुझाउन सक्ने कलाको शिक्षणलाई पठनकला शिक्षण मानिन्छ ।

अफ्रिकामा धेरै देशको अध्ययनबाट मौखिक पठनगतिका लागि कक्षा १-८ सम्मका बालबालिकामा हुनुपर्ने पठन वेगलाई यसप्रकार प्रस्तुत गरेका छन् (राई र अन्य २०७३, पृ. १-२४) :

कक्षा १ : प्रतिमिनेट पढ्ने अपेक्षा ३० देखि ६० शब्द

कक्षा २ : प्रतिमिनेट पढ्ने अपेक्षा ७० देखि १०० शब्द

कक्षा ३ : प्रतिमिनेट पढ्ने अपेक्षा ८० देखि १०० शब्द

कक्षा ४ : प्रतिमिनेट पढ्ने अपेक्षा १०० देखि १४० शब्द

कक्षा ५ : प्रतिमिनेट पढ्ने अपेक्षा ११० देखि १५० शब्द

कक्षा ६ : प्रतिमिनेट पढ्ने अपेक्षा १२० देखि १६० शब्द

कक्षा ७ : प्रतिमिनेट पढ्ने अपेक्षा १३० देखि १७० शब्द

कक्षा ८ : प्रतिमिनेट पढ्ने अपेक्षा १४० देखि १८० शब्द

यसबाट लिखित सामग्रीबाट प्राप्त गर्न सकिने कलाको शिक्षण नै पठन कला शिक्षण हो भन्ने देखिन्छ । पठन कला शिक्षणको मुख्य अभिप्राय आँखा र मस्तिष्कको सहायताले दृश्य संकेतहरूलाई द्रुत गतिमा सङ्गठित गरेर बुझ्ने सिप र क्षमताको विकास गराउनु वा विविध विषयको ज्ञानमा वृद्धि भई शब्द भण्डारको विकास गराउनु भन्ने हुन्छ । पाठकले सरसर्ती शुद्ध र छिटो पढ्न सक्नु नै पठनगति हो । पठनगतिको बोधसँग निकटतम सम्बन्ध हुन्छ । विद्यार्थीहरूले सम्झन सक्ने गरी पढ्ने वैयक्तिक क्षमता नै पठनगति मानिन्छ । यसले गति, यति र लयका साथ तहअनुसार दिइएको पठन सामग्री शुद्धसँग पढ्ने सिपलाई बुझाउँछ । जति छिटो र सही तरिकाले कुनै पनि पठन सामग्रीलाई बालबालिकाले ठिक उच्चारण गरेर पढ्न सक्छन् त्यति धेरै उनीहरूमा बोध क्षमता विकास हुन्छ हुन्छ ।

लिखित सामग्रीलाई भाव अनुसार हाउभाउ, चेष्टा, अङ्ग सञ्चालन, लिपि चिह्न,गति, यति, लय,ताल, आरोह, अवरोह आदिको ख्याल गर्दै स्वर निकालेर पढ्ने कार्यलाई पठनगति भनिन्छ । शुद्ध र टड्कारो पाराले भाषानुकूल लय, आरोह अवरोह मिलाएर पढ्नाले श्रोताको मन जित्न सकिन्छ । प्रारम्भिक तहमा मौन पठनभन्दा उच्चारण पठन बढी प्रभावकारी हुने भएकाले यसलाई केन्द्रीय तत्त्वका रूपमा लिन सकिन्छ । पठनगति सिपको विकास गराउन पाठ्य पुस्तकभन्दा बाहिरका लिपिबद्ध सामग्रीहरू पनि उपयोगमा ल्याउन सकिन्छ । पाठ्क्रमले निर्दिष्ट गरेका उद्देश्यहरूको सहज परिपूर्तिका लागि विषयविज्ञद्वारा लेखिएका वा सम्पादन भएका पाठ्यांशहरू र पाठ्य पुस्तक पठनगतिको विधागत विविधता भएका स्तर सुहाउँदा विषयवस्तुको छनोट र स्तरण निर्धारणका पाठ्यांशहरू राखिने हुँदा यसलाई आधिकारिक सामग्रीका रूपमा प्रयोग गर्न

सकिन्छ (शर्मा र पौडेल, २०७०, पृ. १२२) । यसरी भाव अनुसार स्वर निकालेर पढ्ने पठनले सिकारुको संज्ञानात्मक विकासलाई सहयोग पुऱ्याउँछ ।

गति, यति मिलाई शुद्ध एवम् स्पष्ट पढ्नु भन्ने कुरा सस्वरपठनको प्रारम्भकालदेखि नै शिक्षार्थीको तहअनुसार सम्बन्धित भएर आउँछ । पढ्दा शब्द छुट्याएर आवश्यक ठाउँमा पढाएको स्वभाविकतालाई खजमजिन नदिई पढ्नु पढाइमा यति दिनु हो र आवश्यकता तथा स्वभाविकताअनुकूल छिटो छिटो पढ्ने गर्नु पढाइमा गति दिनु हो । उक्त प्रसङ्गमा गति र यति परस्पर सापेक्ष कुरा हुन पुग्छन् । त्यस्तै शुद्धता र स्पष्टता एकातिर केही हदसम्म गति, यति मिलाई पढ्नुमा आधारित हुन्छ भने अर्कातिर केही हदसम्म गति, यति मिलाई पढ्नुमा आधारित हुन्छ । वर्ण, अक्षर, शब्द एवम् वाक्यको सही उच्चारणमा पनि यो आधारित हुनेगर्छ (अधिकारी,२०४६, पृ.१२५) । यसमा कुनै विधा वा तत्सम्बन्धी पाठलाई सस्वर पढ्दा यतिका साथै गति पनि मिलाउनु आवश्यक हुन्छ ।

### *पठनगति परीक्षणका विधि तथा प्रक्रिया*

पठनगति परीक्षण विद्यार्थीको पढ्ने क्षमताको मूल्याङ्कन गर्न प्रयोग गरिने विधि हो । यस अध्ययनमा (फुच र अन्य सन् २००१) को सिफारिस अनुसार पठनगतिलाई प्रति मिनेट शब्दसङ्ख्याका आधारमा मापन गरिएको छ । यो परीक्षण गर्दा सस्वर वाचन गति, शुद्धता र प्रवाह जस्ता पक्षलाई ध्यान दिइएको छ । विद्यार्थीलाई एक मिनेटको समय दिएर एक पाठ वाचन गर्न लगाई सो अबधीमा विद्यार्थीले पढेका कुल शब्दहरूको सङ्ख्या गणना गरिएको छ र उनीहरूले गलत उच्चारण गरेका वा छुटाएका शब्दहरू घटाई प्रतिमिनेट शब्द सङ्ख्या पत्ता लगाइएको छ । कक्षा चारको पाठ्यवस्तुसँग मिल्दो पाठ प्रदान गरी विद्यार्थीलाई स्पष्ट निर्देशन दिएर समय हेरी सस्वर वाचन गर्न लगाइयो र शब्द गणना र त्रुटि विश्लेषण गरी पठन प्रवाह परीक्षण गरियो ।

### पूर्वकार्य अध्ययनको रिक्तता र यस अध्ययनको उपयोगिता

हालसम्म भएका अनुसन्धानहरूलाई पुनरावलोकन गर्दा नेपाली भाषाशिक्षण विशेष गरी पठनकला शिक्षणसम्बन्धी विविध अध्ययनहरू सम्पन्न भएका पाइन्छन् । यी अध्ययनहरू शिक्षण विधि, सस्वर वाचन, मौन पठन, पठनगति, र पठनबोध क्षमतासँग

सम्बन्धित छन् तर पठन गति र संज्ञानात्मक विकासको सम्बन्धमा सीमित मात्र अध्ययन भएको पाइयो । हालसम्म भएका अध्ययनहरूमा पठनगति र संज्ञानात्मक क्षमताबीचको सम्बन्धबारे केही चर्चा गरिएको (चु र यु, २०२०) भए पनि सो सम्बन्धलाई नेपाली भाषाशिक्षणको सन्दर्भमा अध्ययन गरिएको पाइएन । नेपाली भाषामा पठन गति वृद्धि गर्दा संज्ञानात्मक विकासमा पर्ने प्रभावबारे स्पष्ट निष्कर्ष निकाल्ने अनुसन्धान अझै अभाव देखिन्छ । प्राथमिक तहका विद्यार्थीहरूको पठन प्रक्रियामा शिक्षकको भूमिकामाथि विस्तृत अध्ययनको कमी देखिन्छ । हालसम्मका अनुसन्धानहरूले शिक्षकहरूले अपनाउने विधिहरूको चर्चा गरे तापनि प्राथमिक तहका विद्यार्थीहरूको पठन प्रक्रिया सहज बनाउन शिक्षकको भूमिकाबारे गहिराइमा अध्ययन गरिएको भेटिएन । शिक्षकहरूले अपनाएका रणनीतिहरूले विद्यार्थीको पठन क्षमतामा पार्ने प्रभावबारे थप अनुसन्धान आवश्यक देखियो ।

सुवेदी (२०६०) र गिरी (२०६०) ले सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको सस्वर वाचन क्षमताबारे अध्ययन गरेका छन् । ज्ञवाली (२०६३) ले मातृभाषा र दोस्रो भाषाका आधारमा पठनबोध क्षमताको तुलना गरेका छन् । भाषिक विविधता (पहिलो भाषी र दोस्रो भाषी विद्यार्थी) र पठन प्रक्रियाबीचको अन्तरसम्बन्धलाई गहिराइपूर्वक अध्ययन गर्ने अनुसन्धानको अझै अभाव देखियो ।

रोका (२०६४/०६५) द्वारा गरिएको अनुसन्धानले पाठ्यपुस्तकमा आधारित पठन विधिको अध्ययन गरेको पाइयो । अन्य विविध पाठ्य सामग्री (जस्तै, बालसाहित्य, पत्रपत्रिका, डिजिटल सामग्री) प्रयोग गर्दा पठन क्षमतामा पर्ने प्रभावबारे विस्तृत अध्ययन गरिएको पाइएन ।


पठन कलालाई सुधार गर्ने रणनीतिहरूको अध्ययनको अभाव देखियो । हालसम्म भएका अनुसन्धानहरूले शिक्षण विधि, पठन प्रक्रिया र पठनबोध क्षमतामा देखिएका समस्याहरू उल्लेख गरेका छन् (थापा, २०५५/०५६; ज्ञवाली, २०६३) । ती समस्याहरूको समाधानका लागि सुधारात्मक रणनीति र कार्यक्रमबारे विस्तृत अध्ययन हुनसकेको देखिएन ।

उल्लिखित अन्तराललाई मध्यनजर गर्दै प्रस्तुत अध्ययनले नेपाली भाषा शिक्षणमा पठनगतिको महत्त्वलाई स्पष्ट पार्दै संज्ञानात्मक विकास र सिकाइ सामग्रीको विविधतासँग

यसको अन्तर्सम्बन्धलाई अध्ययन गर्ने उद्देश्य राखेको छ । पठन सुधारका लागि प्रभावकारी शिक्षण विधि र रणनीति पहिचान गर्ने आधार प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

**अध्ययनको अवधारणात्मक ढाँचा**

पठनगति अध्ययनको लागि छनोट गरिएको चार विद्यालयमध्ये दुई सामुदायिक र दुई संस्थागत विद्यालय रहेको छ । यसमा १६ जना विद्यार्थीलाई नमूना छनोटको रूपमा लिइएको छ । यस अध्ययनको लागि भाषिक, लैङ्गिक तथा विद्यालयगत भिन्नताका आधारमा विद्यार्थीहरूको पठनगति तुलना गर्ने उद्देश्य राखी अवलोकन, फिल्ड नोट, अन्तर्वार्ता तथा प्रश्नावली विधि अपनाइएको छ ।




सन् २००० मा अफ्रिकामा भएको अध्ययनबाट मौखिक वेगको लागि कक्षा १ देखि ८ सम्मका बालबालिकामा हुनुपर्ने पठन वेगलाई अलग अलग रूपमा प्रस्तुत गरिएको पाइन्छ । यसमा कक्षा चारको प्रतिमिनेट पठनगति क्षमता १०० देखि १४० शब्द हुनुपर्ने सिद्धान्त रहेको छ (राई र अन्य २०७३, पृ. १-२४) । यसै सिद्धान्त अनुसार प्रस्तुत शोधपत्रको अध्ययन गरिएको छ ।

# अध्याय तीन

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अध्यायमा अध्ययन ढाँचा तथा पद्धति, सामग्रीका स्रोत, जनसङ्ख्या र नमुना, सामग्री निर्माण, सामग्रीको कार्यान्वयन र तथ्य सङ्कलन तथा तथ्यको अध्ययन-विश्लेषण उपशीर्षक समेटिएका छन् ।

### अध्ययन ढाँचा तथा पद्धति

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनगति क्षमतामा गरिएको यस अध्ययनमा गुणात्मक अध्ययन ढाँचा तथा पुस्तकालयीय र स्थलगत अध्ययन पद्धति अवलम्बन गरिएको छ ।

### सामग्रीका स्रोत

यस अध्ययनका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री लिइएका छन् । यसमा स्थलगत परीक्षणबाट प्राप्त भएका पठनगतिसम्बद्ध सामग्रीलाई प्राथमिक स्रोतअन्तर्गत राखिएको छ भने सैद्धान्तिक र प्रायोगिक कार्यसम्बद्ध पाठ्यपुस्तक, विभिन्न शोधपत्र आदि प्रकाशित अप्रकाशित स्रोतबाट लिइएका सामग्रीलाई द्वितीयक स्रोतअन्तर्गत उपयोग गरिएको छ ।

### जनसङ्ख्या र नमुना

यस अध्ययनका लागि निर्धारित क्षेत्रबाट आधारभूत तह, कक्षा चारमा अध्ययन गर्ने सामुदायिक तथा संस्थागत विद्यालयबाट ४/४ जना गरी जम्मा १६ जना विद्यार्थीलाई सम्भावनारहित नमुना छनोट विधिबाट छनोट गरिएको छ । तीमध्ये छात्र ८ र छात्रा ८ रहेका छन् । यसैगरी पठनगतिसम्बन्धी अवधारणाका लागि निर्धारित कक्षामा नेपाली भाषा शिक्षण गर्ने १/१ जना गरी ४ जना शिक्षकहरूलाई पूरक जनसङ्ख्याका रूपमा लिइएको छ ।

## सामग्री निर्माण र व्यवस्थापन

प्रस्तुत शोध अध्ययन पूरा गर्न निर्धारित स्रोतबाट अदृष्टांश सामग्रीहरू प्रयोग गरिएका छन् । यसमा शिक्षक अवधारणाका लागि खुला प्रश्न र कक्षा क्रियाकलाप मापनका लागि अवलोकन फाराम निर्माण गरिएका छन् । त्यस्तै विद्यार्थीहरूको पठनगतिस्तर मापनका लागि पद्य-गद्य विधाबाट नमुना कविता र अनुच्छेद तथा अवधारणाका लागि खुला प्रश्न चयन गरिएका छन् । वर्गीकत तथ्यको व्यवस्थापनका लागि आवश्यक पर्ने तालिकाहरू निर्माण गरिएका छन् । यसमा विद्यार्थीहरूको पठनगति स्तर मापन तथा शिक्षक-विद्यार्थीको अवधारणा बुझ्न सहयोग पुग्ने विभिन्न स्रोतबाट लिइएका सामग्रीमध्येबाट आवश्यक सामग्रीलाई मात्र सम्बन्धित अध्यायमा क्रमशः व्यवस्थापन गरी अन्यलाई हटाइएको छ ।

## सामग्री कार्यान्वयन र तथ्य सङ्कलन

यस शोध अध्ययनका लागि निर्माण र सङ्कलन गरिएका सामग्रीलाई स्वयम् उपस्थित भएर स्थलगत कार्यान्वयन गर्न अध्ययनका उद्देश्यभित्र शोधनिर्देशकको सल्लाह र सुझावसमेतलाई आधार बनाइएको छ । यसअनुसार विद्यार्थीको पठनगति विकासका लागि शिक्षकबाट भए, गरेका कक्षा कार्यकलापको अवलोकन निर्धारित फाराममार्फत् गरिएको छ । त्यसैगरी शिक्षक-विद्यार्थीको अवधारणा बुझ्न खुला प्रकृतिका प्रश्न सोध्ने काम गरिएको छ । सहभागी विद्यार्थीहरूको पठनगतिस्तर मापनका लागि स्वयम्लाई पद्य-गद्य विधाबाट लिइएका निश्चित सामग्री पढ्न दिई हरेकको रेकर्ड गरिएको छ । तयार पारिएका खुला प्रश्नको उपयोग गरी शिक्षकहरूसँग अन्तर्वार्ता र विद्यार्थीसँग सामूहिक कुराकानी गरिएको छ ।

## तथ्यको वर्गीकरण र तालिकीकरण

यस शोध अध्ययनको लागि सङ्कलन गरिएका तथ्यलाई लैङ्गिक, भाषिक, विद्यालयगत भिन्नताका साथै शिक्षक र विद्यार्थीको अवधारणागत भिन्नताका आधारमा वर्गीकरण गरिएको छ । यस तथ्यलाई लैङ्गिक भिन्नताका दृष्टिले पठनगति स्तर, भाषिक भिन्नताका दृष्टिले पठनगति स्तर र विद्यालयको प्रकृतिका आधारमा (लैङ्गिक, भाषिक तथा

समग्र विद्यालयको सहभागी विद्यार्थी) का आधारमा पठनगति स्तर गरी १५ ओटा तालिकामा वर्गीकरण गरिएको छ ।

## तथ्यको अध्ययन-विश्लेषण

तथ्यको वर्गीकरण र तालिकीकरणको काम सकिएपछि निर्धारित ३ वटा तालिकामा तालिकीकरण गरिएको छ । यसमा वर्गीकृत तालिकामा संलग्न तथ्यलाई तालिका सङ्ख्या, त्यसमा समेटिएको विषयवस्तु, प्राप्त नतिजा विश्लेषण र निष्कर्षका साथ अन्त्यमा सिद्धान्ततः सो नतिजा मिलेको वा नमिलेको, मिल्नु वा नमिल्नुका कारणसहित तालिका विश्लेषणलाई पूरा गर्ने प्रक्रिया अवलम्बन गरिएको छ । सो तालिकालाई अझ स्पष्ट पार्नका लागि स्तम्भ चित्रमा पनि प्रस्तुत गरिएको छ । यसका लागि वर्णनात्मक-तुलनात्मक विधि अपनाइएको छ । विद्यार्थीहरूको पठनगतिलाई फरक फरक शीर्षकमा तालिकीकरण गरिएको छ । सहभागी विद्यार्थीहरूलाई क१, क२, क३, क४, क५, क६, क७, क८ र ख१, ख२, ख३, ख४, ख५, ख६, ख७, ख८ गरी सङ्केतमा देखाइएको छ । यसैगरी सहभागी सम्पूर्ण विद्यार्थीहरूलाई च सम्म सङ्केत गरिएको छ । विद्यालयहरूलाई भने विद्यालय १, विद्यालय २, विद्यालय ३ र विद्यालय ४ गरी सङ्केत गरिएको छ ।

# अध्याय चार

## अध्ययन तथा विश्लेषण

यस अध्ययायमा आधारभूत तह कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको पठनगति परीक्षणका लागि निर्धारण गरिएका उद्देश्यअनुसार विद्यार्थीहरूको प्रतिमिनेट पठनगति क्षमतालाई तालिकीकरणका साथ अध्ययन गरिएको छ । यसमा लैङ्गिक भिन्नता, भाषिक भिन्नता र विद्यालयगत भिन्नताका आधारमा विद्यार्थीहरूको पठनगतिस्तरलाई तालिकामा क्रमशः प्रस्तुत गरिएको छ । यसैगरी छनोट गरिएका चार विद्यालयबाट सहभागी छात्रछात्राहरूको लैङ्गिक, भाषिक तथा विद्यालयको प्रकृतिका आधारमा पनि तालिकीकरण गरिएको छ । विद्यार्थीहरूको प्रतिमिनेट पठनगतिलाई उच्च, मध्य र निम्न स्तरमा वर्गीकरण गरिएको छ ।

### लैङ्गिक भिन्नताका दृष्टिले पठनगति

यहाँ पठनगतिलाई लैङ्गिक दृष्टिबाट छलफल गरिएको छ :

**तालिका १**


*लैङ्गिक भिन्नताका दृष्टिले पठनगति*

| छात्रा सङ्केत | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या | छात्र सङ्केत | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या |
|---|---|---|---|
| क१ | ६८ | ख१ | ३६ |
| क२ | ६३ | ख२ | २८ |
| क३ | ५९ | ख३ | ५४ |
| क४ | ६३ | ख४ | ५१ |
| क५ | ६७ | ख५ | ४५ |
| क६ | ११५ | ख६ | ५२ |
| क७ | ६६ | ख७ | ६६ |
| क८ | ६१ | ख८ | ५६ |
| औसत मान | ७०.२५ | औसत मान | ४८.५ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

**स्तम्भ चित्र १**

*लैङ्गिक भिन्नताका दृष्टिले पठनगति*




तालिका र स्तम्भ चित्र १ मा कक्षा चारका विद्यार्थीहरूको पठनगति परीक्षणका लागि छनोट गरिएका चार विद्यालयका १६ जना छात्रछात्रामध्ये लैङ्गिक भिन्नताका दृष्टिकोणले ८ जना छात्रा र ८ जना छात्रको प्रतिमिनेट पठनगतिस्तर प्रस्तुत गरिएको छ । उक्त तालिकाअनुसार छात्राको एक मिनेटमा ७०.२५ र छात्रको ४८.५ औसत पठनगतिस्तर कायम भएको देखियो । तुलनात्मक रूपमा हेर्दा छात्रातर्फ सबभन्दा बढी ११५ (क६) र सबभन्दा कम  ५९ (क३) प्रतिमिनेट पठनगतिस्तर कायम भएको पाइयो । त्यस्तै छात्रतर्फ सबभन्दा बढी ६६ (ख७)  र सबभन्दा कम २८ (ख२) प्रतिमिनेट पठनगतिस्तर कायम भएको देखियो । समग्रमा छात्राको तुलनामा छात्रको प्रतिमिनेट पठनगतिस्तर ७०.२५-४८.५ अर्थात् २१.७५ औसतमा कम देखिनुले पठनकला शिक्षण सिकाइमा छात्राका तुलनामा छात्र कमजोर रहेको पुष्टि हुन्छ । यसबाट छात्रहरूका लागि अतिरिक्त कक्षाको व्यवस्था गरी पठनगतिको थप अभ्यास गराउनु आवश्यक देखिन्छ ।

**भाषिक भिन्नताका दृष्टिले पठनगति**

यहाँ विद्यार्थीको भाषिक पृष्ठभूमिका आधारमा पठनगति विश्लेषण गरिएको छ ।

**तालिका २**


*भाषिक भिन्नताका दृष्टिले पठनगति*

| नेपाली भाषी | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या | नेपाली इतर भाषी | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या |
|---|---|---|---|
| ग१ | ६८ | घ१ | ६३ |
| ग२ | २८ | घ२ | ५९ |
| ग३ | ५१ | घ३ | ६३ |
| ग४ | ११५ | घ४ | ३६ |
| ग५ | ६६ | घ५ | ५४ |
| ग६ | ६१ | घ६ | ६७ |
| ग७ | ४५ | घ७ | ५२ |
| ग८ | ५६ | घ८ | ६६ |
| औसत मान | ६१.२५ | औसत मान | ५७.५ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

**स्तम्भ चित्र २**

*भाषिक भिन्नताका दृष्टिले पठनगति*



तालिका र स्तम्भ चित्र २ मा कक्षा चारका विद्यार्थीहरूको पठनगति परीक्षणका लागि छनोट गरिएका चार विद्यालयका १६ जना छात्रछात्राहरूमध्ये भाषिक भिन्नताका दृष्टिले ८ जना नेपाली भाषी र ८ जना नेपाली इतर भाषी छात्रछात्राहरूको पठनगतिस्तर प्रस्तुत गरिएको छ । उक्त तालिकाअनुसार नेपाली भाषी छात्रछात्राहरूको एक मिनेटमा ६१.५ र नेपाली इतर भाषी छात्रछात्राको ५७.५ औसत पठनगति स्तर कायम भएको देखियो । निर्धारित छात्रछात्राको पठनगति स्तर नेपाली भाषीतर्फ एक मिनेटमा सबैभन्दा बढी ११५ (ग४) र सबैभन्दा कम २८ (ग२) कायम भएको पाइयो । त्यस्तै नेपाली इतर भाषीतर्फ सबैभन्दा बढी ६७ (घ६) र सबैभन्दा कम ५२ (घ७) प्रतिमिनेट कायम भएको देखियो । समग्रमा नेपाली भाषी छात्रछात्राको तुलनामा नेपाली इतर भाषी छात्रछात्राको प्रतिमिनेट पठनगतिस्तर ६१.५-५७.५ अर्थात् ३.७५ औषतले कम देखिनुले पठनकला शिक्षण सिकाइमा नेपाली इतर भाषी छात्रछात्राहरू तुलनात्मक रूपमा कमजोर रहेको पुष्टि गर्दछ । यस तथ्यबाट नेपाली इतर भाषी छात्रछात्राका लागि अतिरिक्त कक्षामा थप अभ्यास गराउनुपर्ने देखिन्छ ।

**विद्यालयगत भिन्नताका दृष्टिले पठनगति**

यहाँ सामुदायिक र संस्थागत विद्यालयगत भिन्नताका आधारमा पठनगति विश्लेषण गरिएको छ ।

**तालिका ३**


*विद्यालयगत भिन्नताका दृष्टिले पठनगति*

| सा.वि. र वि. सं. | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या | सं.वि. र वि. सं. | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या |
|---|---|---|---|
| ङ १ | ६८ | च१ | ६७ |
| ङ २ | ६३ | च२ | ११५ |
| ङ ३ | ५९ | च३ | ६६ |
| ङ ४ | ६३ | च४ | ६१ |
| ङ ५ | ३६ | च५ | ४५ |
| ङ ६ | २८ | च६ | ५२ |
| ङ ७ | ५४ | च७ | ६६ |
| ङ८ | ५१ | च८ | ५६ |
| औसत मान | ५२.७५ | औसत मान | ६६ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

**स्तम्भ चित्र ३**

*विद्यालयगत भिन्नताका दृष्टिले पठनगति*




तालिका र स्तम्भ चित्र ३ का सूचकअनुसार कक्षा चारका विद्यार्थीहरूको पठनगति परीक्षणका लागि छनोट गरिएका २ सामुदायिक र २ संस्थागत गरी ४ विद्यालयका ८/८ जना छात्रछात्राको पठनगतिस्तर प्रस्तुत गरिएको छ। उक्त तालिकाअनुसार सामुदायिक विद्यालयका छात्रछात्राको प्रतिमिनेट पठनगतिस्तर ५२.७५ र संस्थागत विद्यालयका छात्रछात्राको पठनगतिस्तर ६६ औषत कायम भएको देखियो। सामुदायिक दिद्यालय र संस्थागत विद्यालयका छात्रछात्राको पठनगतिस्तर तुलना गर्दा सामुदायिक विद्यालयतर्फ सबभन्दा बढी ६८ (ङ १) र सबैभन्दा कम २८ (ङ ६) तथा संस्थागत विद्यालयतर्फ सबैभन्दा बढी ११५ (च २) र सबैभन्दा कम ४५ (च ५) औसतले प्रतिमिनेट पठनगतिस्तर कायम भएको पाइयो। समग्रमा संस्थागत विद्यालयका छात्रछात्राको तुलनामा सामुदायिक विद्यालयका छात्रछात्राको प्रतिमिनेट पठनगतिस्तर ६६-५२.७५ अर्थात् १३.२५ ले कम औसत कायम भएको छ। यस तथ्यले पठनकला शिक्षण सिकाइमा सामुदायिक विद्यालयका छात्रछात्राहरू तुलनात्मक रूपमा कमजोर छन् भन्ने कुरा प्रमाणित गर्दछ। यसबाट छात्रछात्राहरूको शिक्षण सिकाइमा ध्यान केन्द्रित छैन भन्ने देखिन्छ।

**विद्यालय १**

**तालिका ४**

*लैङ्गिक आधारमा*

| छात्रा सङ्ख्या | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या | छात्र सङ्ख्या | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या |
|---|---|---|---|
| क१ | ६८ | क३ | ३६ |
| क२ | ६३ | क४ | ५१ |
| | औसतमान = ६५.५ | | औसतमान = ४३.५ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

विद्यालय १ मा सहभागी ४ जना छात्रछात्राहरू रहेका छन् । यस विद्यालयको सहभागी छात्राहरूको प्रतिमिनेट पटनगति ६८र ६३ रहेको छ । उक्त छात्राहरूको पठनगति औषतमान भने ६५.५ कायम भएको छ । त्यसैगरी छात्रहरूको प्रतिमिनेट पठनगति ३६ र ५१ रहेकोमा औषतमान भने ४३.५ कायम भएको छ । समग्रमा विद्यालय १ बाट छात्राहरूको तुलनामा छात्रहरूको प्रतिमिनेट पठनगति स्तर (६५.५-४३.५) अर्थात ७.५ले कम औसत कायम भएको छ । यस अध्ययनबाट छात्राहरूभन्दा छात्राहरूको पठनगति कमजोर देखिन्छ ।

**तालिका ५**

*भाषिक आधारमा*

| नेपाली भाषी | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या | नेपाली इतर भाषी | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या |
|---|---|---|---|
| ख१ | ६८ | ख३ | ३६ |
| ख२ | ५१ | ख४ | ६३ |
| | औसतमान = ५९.५ | | औसतमान =४९.५ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

विद्यालय १ बाट सहभागी ४ जना छात्रछात्राको पठनगतिलाई भाषिक आधारमा अध्ययन गर्दा नेपाली भाषी छात्रछात्राको पठनगति ६८ र ५१ रहेको छ । उक्त नेपाली भाषी छात्रछात्राको पठनगति औषतमान भने ५९.५ कायम भएको छ । नेपाली इतर भाषी छात्रछात्राहरूको पठनगति ३६ र ६३ रहेको छ । उक्त छात्रछात्राको पठनगति औषतमान भने ४९.५ कायम भएको छ । समग्रमा विद्यालय १ बाट नेपाली भाषी छात्रछात्राको तुलनामा नेपाली इतर भाषी छात्रछात्राहरूको प्रतिमिनेट पठनगति स्तर (५९.५-४९.५) अर्थात १० ले कम औसत कायम भएको छ । यस अध्ययनबाट नेपाली भाषीभन्दा नेपाली इतर भाषी छात्रछात्राहरूको पठनगति कमजोर देखिन्छ ।

**तालिका ६**

*सहभागी विद्यार्थीको समग्र पठतगति स्तर*

| सहभागी विद्यार्थी | एक मिनेटमा उच्चारण शब्द सङ्ख्या |
|---|---|
| १ | ६८ |
| २ | ३६ |
| ३ | ६३ |
| ४ | ५१ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

कक्षा ४ को विद्यार्थीहरूको पठन गति अध्ययनको लागि छनोट गरिएको ४ ओटा विद्यालयमध्य माथिको तालिकामा पहिलो सामुदायिक विद्यालयको विद्यार्थीहरूको प्रतिमिनेट पठन गति अध्ययन गरिएको छ । उक्त तालिकामा सामुदायिक विद्यालय अन्तर्गतको पहिलो विद्यालयको विद्यार्थीहरूको पठन गति तुलना गर्दा प्रतिमिनेट पठन गति छात्रको तुलनामा छात्राको बढी रहेको पाइएको छ । सहभागी ४ जना विद्यार्थीहरूमध्ये सबैभन्दा उच्च प्रति मिनेट पठन गति छात्राको ६८ शब्द रहेको पाइएको छ । छात्राको तुलनामा छात्रको भने प्रतिमिनेट उच्चारण शब्द ३६ रहेको पाइएको छ । माथिको तालिकाको औसत मान भने ५४ प्रतिमिनेट रहेको पाइएको छ ।

**विद्यालय २**

**तालिका ७**

*लैङ्गिक आधारमा*

| छात्रा सङ्ख्या | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या | छात्र सङ्ख्या | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या |
|---|---|---|---|
| क१ | ५९ | क३ | ५४ |
| क२ | ६३ | क४ | २८ |
| | औसतमान = ६१ | | औसतमान = ४१ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

विद्यालय २ मा सहभागी ४ जना छात्रछात्राहरू रहेका छन् । यस विद्यालयको सहभागी छात्राहरूको प्रतिमिनेट पटनगति ५९ र ६३ रहेको छ । उक्त छात्राहरूको पठनगति औषतमान भने ६१ कायम भएको छ । त्यसैगरी छात्रहरूको प्रतिमिनेट पठनगति ५४ र २८ रहेकोमा औषतमान भने ४१ कायम भएको छ । समग्रमा विद्यालय २ बाट छात्राहरूको तुलनामा छात्रहरूको प्रतिमिनेट पठनगति स्तर (६१-४१) अर्थात २० ले कम औसत कायम भएको छ । यस अध्ययनबाट छात्राहरूभन्दा छात्राहरूको पठनगति कमजोर देखिन्छ ।

**तालिका ८**

*भाषिक आधारमा*

| नेपाली भाषी | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या | नेपाली इतर भाषी | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या |
|---|---|---|---|
| ख१ | ६३ | ख३ | ५४ |
| ख२ | २८ | ख४ | ५९ |
| | औसतमान = ४५.५ | | औसतमान =५६.५ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

विद्यालय २ बाट सहभागी ४ जना छात्रछात्राको पठनगतिलाई भाषिक आधारमा अध्ययन गर्दा नेपाली भाषी छात्रछात्राको पठनगति ६३ र २८ रहेको छ। उक्त नेपाली भाषी छात्रछात्राको पठनगति औसतमान भने ४५.५ कायम भएको छ। नेपाली इतर भाषी छात्रछात्राहरूको पठनगति ५४ र ५९ रहेको छ। उक्त छात्रछात्राको पठनगति औसतमान भने ५६.५ कायम भएको छ। समग्रमा विद्यालय २ बाट नेपाली इतर भाषीहरूको तुलनामा नेपाली भाषीहरूको प्रतिमिनेट पठनगति स्तर (५६.५-४५.५) अर्थात ११ ले कम औसत कायम भएको छ। यस अध्ययनबाट नेपाली इतर भाषीभन्दा नेपाली भाषी छात्रछात्राको पठनगति कमजोर देखिन्छ।

**तालिका ९**

*सहभागी विद्यार्थीको समग्र पठतगति स्तर*

| सहभागी विद्यार्थी | एक मिनेटमा उच्चारण शब्द सङ्ख्या |
|---|---|
| १ | २८ |
| २ | ५९ |
| ३ | ५४ |
| ४ | ६३ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

पठन गति अध्ययनको लागि छनोट गरिएको विद्यालयहरूमध्ये दोस्रो सामुदायिक विद्यालयको कक्षा ४ को सहभागी विद्यार्थीहरूमा गरिएको पठन गति अध्ययनमा सहभागी छात्रछात्राको पठनगति २८, ५९, ५४ र ६३ कायम भएको छ। उक्त सहभागी चार जना छात्रछात्राका पठनगति औसतमान भने ५१ कायम भएको छ।

**विद्यालय ३**

**तालिका १०**

*लैङ्गिक आधारमा*

| छात्रा सङ्ख्या | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या | छात्र सङ्ख्या | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या |
|---|---|---|---|
| क१ | ११५ | क३ | ४५ |
| क२ | ६७ | क४ | ५२ |
| | औसतमान = ९१ | | औसतमान = ४८.५ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

विद्यालय २ मा सहभागी ४ जना छात्रछात्राहरू रहेका छन् । यस विद्यालयको सहभागी छात्राहरूको प्रतिमिनेट पठनगति ११५ र ६७ रहेको छ । उक्त छात्राहरूको पठनगति औषतमान भने ९१ कायम भएको छ । त्यसैगरी छात्रहरूको प्रतिमिनेट पठनगति ४५ र ५२ रहेकोमा औषतमान भने ४८.५ कायम भएको छ । समग्रमा विद्यालय २ बाट छात्राहरूको तुलनामा छात्रहरूको प्रतिमिनेट पठनगति स्तर (९१-४८.५) अर्थात ४२.५ ले कम औसत कायम भएको छ । यस अध्ययनबाट छात्राहरूभन्दा छात्राहरूको पठनगति कमजोर देखिन्छ ।

**तालिका ११**

***भाषिक आधारमा***

| नेपाली भाषी | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या | नेपाली इतर भाषी | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या |
|---|---|---|---|
| ख१ | ११५ | ख३ | ६७ |
| ख२ | ४५ | ख४ | ५२ |
| | औसतमान = ८० | | औसतमान =५९.५ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

विद्यालय २ बाट सहभागी ४ जना छात्रछात्राको पठनगतिलाई भाषिक आधारमा अध्ययन गर्दा नेपाली भाषी छात्रछात्राको पठनगति ११५ र ४५ रहेको छ । उक्त नेपाली भाषी छात्रछात्राको पठनगति औसतमान भने ८० कायम भएको छ । नेपाली इतर भाषी छात्रछात्राहरूको पठनगति ६७ र ५२ रहेको छ । उक्त छात्रछात्राको पठनगति औसतमान भने ५९.५ कायम भएको छ । समग्रमा विद्यालय ३ बाट नेपाली भाषीहरूको तुलनामा नेपाली इतर भाषीहरूको प्रतिमिनेट पठनगति स्तर (८०-५९.५) अर्थात  २०.५ ले कम औसत कायम भएको छ । यस अध्ययनबाट नेपाली भाषीभन्दा नेपाली इतर भाषी छात्रछात्राको पठनगति कमजोर देखिन्छ ।

**तालिका १२**

*सहभागी विद्यार्थीको समग्र पठतगति स्तर*

| सहभागी विद्यार्थी | एक मिनेटमा उच्चारण शब्द सङ्ख्या |
|---|---|
| १ | ६७ |
| २ | ५२ |
| ३ | ११५ |
| ४ | ४५ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

विद्यार्थीहरूको पठन गति अध्ययनको लागि छनोट गरिएको विद्यालयहरूमध्ये संस्थागत विद्यालयतर्फ पहिलो विद्यालयको पठन गति अध्ययनमा छात्रा र छात्रको तुलनामा छात्राको पठन गति उच्च रहेको पाइएको छ । नेपाली पहिलो भाषी हुने छात्राको प्रतिमिनेट पठन गति ११५ रहेको पाइएको छ । पठन गति सिद्धान्तअनुसार प्रतिमिनेट १००-१४० शब्द उच्चारण भएकोले उक्त छात्राको पठन गति अन्य विद्यालय तथा सोही विद्यालयको अन्य सम्पूर्ण छात्रछात्राहरूको प्रतिमिनेट उच्चारण क्षमताभन्दा  उच्च स्थानमा रहेको पाइएको छ । उक्त विद्यालयको कक्षा ४ को सहभागी विद्यार्थीहरूको पठन गति औषत मान भने ६९.७५ कायम भएको छ ।

**विद्यालय ४**

**तालिका १३**

*लैङ्गिक आधारमा*

| छात्रा सङ्ख्या | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या | छात्र सङ्ख्या | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या |
|---|---|---|---|
| क१ | ६६ | क३ | ६६ |
| क२ | ६१ | क४ | ५६ |
| | औषतमान = ६३.५ | | औषतमान = ६१ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

विद्यालय ४ मा सहभागी ४ जना छात्रछात्राहरू रहेका छन् । यस विद्यालयको सहभागी छात्राहरूको प्रतिमिनेट पठनगति  ६६ र ६१ रहेको छ । उक्त छात्राहरूको पठनगति औषतमान भने ६३.५ कायम भएको छ । त्यसैगरी छात्रहरूको प्रतिमिनेट पठनगति ६६ र ५६ रहेकोमा औसतमान भने ६१ कायम भएको छ । समग्रमा विद्यालय ४ बाट छात्राहरूको तुलनामा छात्रहरूको प्रतिमिनेट पठनगति स्तर (६३.५-६१) अर्थात  २.५ ले कम औसत कायम भएको छ । यस अध्ययनबाट छात्राहरूभन्दा छात्राहरूको पठनगति कमजोर देखिन्छ ।

**तालिका १४**

*भाषिक आधारमा*

| नेपाली भाषी | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या | नेपाली इतर भाषी | प्रतिमिनेट उच्चरित शब्द सङ्ख्या |
|---|---|---|---|
| ख१ | ६६ | ख३ | ५६ |
| ख२ | ६६ | ख४ | ६१ |
| | औसतमान = ६६ | | औसतमान =५८.५ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

विद्यालय ४ बाट सहभागी ४ जना छात्रछात्राको पठनगतिलाई भाषिक आधारमा अध्ययन गर्दा नेपाली भाषी छात्रछात्राको पठनगति ६६ र ६६ रहेको छ । उक्त नेपाली भाषी छात्रछात्राको पठनगति औसतमान भने ६६ कायम भएको छ । नेपाली इतर भाषी छात्रछात्राहरूको पठनगति ५६ र ६१ रहेको छ । उक्त छात्रछात्राको पठनगति औसतमान भने ५८.५ कायम भएको छ । समग्रमा विद्यालय ४ बाट नेपाली भाषीहरूको तुलनामा नेपाली इतर भाषीहरूको प्रतिमिनेट पठनगति स्तर (६६-५८.५) अर्थात ७.५ ले कम औसत कायम भएको छ । यस अध्ययनबाट नेपाली भाषीभन्दा नेपाली इतर भाषी छात्रछात्राको पठनगति कमजोर देखिन्छ ।

**तालिका १५**

*सहभागी विद्यार्थीको समग्र पठतगति स्तर*

| सहभागी विद्याथी | एक मिनेटमा उच्चारण शब्द सङ्ख्या |
|---|---|
| १ | ६६ |
| २ | ६६ |
| ३ | ५६ |
| ४ | ६१ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

विद्यार्थीहरूको पठन गति अध्ययनको लागि छनोट गरिएको विद्यालयहरूमध्ये संस्थागत विद्यालयतर्फ दोसो विद्यालयको पठन गति अध्ययनमा प्रतिमिनेट पठनगति ६६ उच्च देखिएको छ भने प्रतिमिनेट पठनगति ५६ कम देखिएको छ । उक्त विद्यालयको कक्षा ४ को सहभागी विद्यार्थीहरूको पठन गति औसत मान भने ६२.२५ कायम भएको छ ।

**पठनगति विकासमा शिक्षकका कार्यकलाप**

विद्यार्थीहरूको पठनगति विकासका लागि शिक्षकहरूबाट केकस्ता क्रियाकलापहरू भएका छन् वा हुँदै आएका छन् भन्ने कुरा बुझ्न अध्येता स्वयम्बाट कक्षा अवलोकन

गरिएको थियो । शिक्षकहरूले कक्षाकोठामा शिक्षणको क्रममा गर्ने विभिन्न क्रियाकलापहरूले विद्यार्थीहरूको पठनगतिमा के कस्तो प्रभाव पार्दछन् भन्ने कुराका लागि गरिएको कक्षा अवलोकनबाट कक्षामा शिक्षकको उपस्थितिले सबै विद्यार्थीहरू उत्साहित हुनेगरेको देखियो । शिक्षकले विद्यार्थीहरूलाई कक्षा सुरु गर्नुभन्दा पहिले अघिल्लो दिन पढेका पाठ पुनरावृत्ति गराउनेगरेको पाइयो । त्यसैसँग सम्बन्धित भएर केही विद्यार्थीलाई प्रश्न सोधेको पनि देखियो । त्यस समयमा केही विद्यार्थीलाई उत्तर दिन सहज र केहीलाई गाह्रो समेत भएको पाइयो ।

शिक्षक पूर्वपाठको पुनरावृत्तिपछि आजको पाठतर्फ लाग्ने गरेको देखियो । यसो गर्दा कक्षामा विद्यार्थीहरू पढ्नका लागि उत्साहित देखिएका थिए । विद्यार्थीहरूलाई नयाँ पाठप्रति पेरित गर्दै शिक्षकले पाठको सार हाउभाउपूर्ण तरिकाले बताउनुअगाडि शब्दार्थ शिक्षण गर्नुपर्नेमा सो गरेको पाइएन । यस समयमा विद्यार्थीले पाठको सार रमाइलो मान्दै सुनिरहेका थिए । केही विद्यार्थीले शिक्षकसँग जिज्ञासा राखेको पनि देखियो । विद्यार्थीहरूको प्रश्नको जवाफ दिँदै पाठको सार भनिसकेपछि विद्यार्थीहरूलाई पालैपालो उठाएर निर्धारित पाठ सस्वरवाचन गर्न लगाउने गरेको देखियो जुन भाषा शिक्षण सिकाइको मर्मअनुसार थिएन । सस्वरवाचन गर्दा विद्यार्थीलाई अप्ठ्यारा लागेको शब्द आफैँले उच्चारण गरी सहजीकरण गराउनु पनि ठिक थिएन । विद्यार्थीले उक्त पाठ पढिसकेपछि शिक्षकले प्रत्येक अनुच्छेदको अलगअलग रूपमा व्याख्या गरेका थिए । पाठ शिक्षण गरिसकेपछि केही विद्यार्थीहरूलाई पालैपालो उठाएर पाठसँगै सम्बन्धित भएर केही प्रश्नहरू तथा शब्दको अर्थसमेत सोधेका, केही विद्यार्थीहरूले सहज रूपमा उत्तर दिएका र केहीले उत्तर दिन सकेको पाइएन । यसरी शिक्षक आफैँले जवाफ भनिदिने कार्यसमेत उपयुक्त थिएन । कक्षाको अन्त्यमा भोलिको पाठ पढेर आउन विद्यार्थीहरूलाई निर्देशन दिइयो जुन परम्परागत शिक्षण सिकाइ पद्धति थियो ।

समग्रमा हेर्दा सामुदायिक र संस्थागत विद्यालयका प्रतिनिधि शिक्षकले विद्यार्थीको पठनगति विकासमा गर्ने कक्षा कार्याकलापको औसत प्रक्रिया एउटै थियो जुन सकारात्मक पक्ष होइन । पठनमा केन्द्रित भएर कार्यकलाप गर्नुपर्नेमा आफैँ भनिदिने कार्यमा बढी केन्द्रित हुनु अर्को कमजोरी मान्न सकिन्छ । सबैलाई सस्वरपठनमा सहभागी नगराउनु,

सस्वरपठनपछि मात्र कठिन शब्दको छनोट गर्न लगाउन छोडेर कथाको सार बताउन थाल्नु र अमूर्त खालका कार्यकलाप तथा गृहकार्यमा विद्यार्थीलाई सहभागी गराउनुबाट शिक्षक स्वयम्मा पठनगतिको विकासमा कस्ता कार्यकलाप गराउनुपर्छ भन्ने सुझ तथा सिप नभएको प्रमाणित हुन्छ ।

**पठनगति शिक्षण सिकाइका सम्बन्धमा शिक्षकको धारणा**

शिक्षक शिक्षण सिकाइ प्रक्रियाको महत्त्वपूर्ण सरोकारवाला हो । आफूले शिक्षण गर्नुपर्ने विषयप्रति शिक्षकमा केकस्तो बुझाइ वा धारणा छ भन्ने कुराले उसको कक्षा प्रस्तुति प्रभावित हुन्छ । पठनगतिका सम्बन्धमा शिक्षकको बुझाइसम्बन्धी जानकारी हासिल गर्न यहाँ अन्तर्वार्ताका माध्यमबाट केही सूचना सङ्कलन गरी व्याख्या प्रस्तुत गरिएको छ ।

***सामुदायिक विद्यालयका शिक्षकको पठनगति सम्बन्धी धारणा***

पठनगतिका लागि शिक्षकसँग गरिएको अन्तर्वार्तामा शिक्षकलाई *भाषा शिक्षणमा पढाइ सिपको महत्त्व कसरी बुझ्नुभएको छ* भनी प्रश्न गर्दा शिक्षणको क्षेत्रमा शुद्धसँग पढ्न नसक्ने बालबालिका, अक्षर, शब्द राम्रोसँग नचिन्ने बालबालिकाहरूलाई पढाइ सिपमा प्रगतितर्फ लैजान भाषा शिक्षणमा पढाइ सिपको महत्त्व रहेको बताउनु भएको छ । उहाँहरूबाट भाषा शिक्षणमा सबैभन्दा पहिले अक्षर, शब्द हुँदै वाक्य चिनाउनु पर्ने कुरा उल्लेख भएको छ । अक्षर र शब्द चिन्न नसक्ने बालबालिकाले पढाइ सिपमा प्रगति गर्न सक्तैनन् त्यसैले भाषा शिक्षणमा पढाइ सिपको ठुलो महत्त्व रहेको धारणा उहाहरूको छ । यस सन्दर्भमा उहाँहरूको अहिलेको अवस्थामा बालबालिकाको पढाइको स्तरलाई नत नेपाली नत अङ्ग्रेजी माध्यममा लैजान सकिएको छ भन्दै गुनासो समेत व्यक्त भएको छ । उहाँहरूले बालबालिकाहरूको पठनगति बढाउनका लागि कक्षाकोठामा विद्यार्थीहरूलाई छोटा छरिता अनुच्छेद दिएर पढ्न लगाउने, एउटा साथीले पढेको अर्को साथीलाई कहाँनेर गल्ति भयो भनी भन्न लगाउने साथै अन्य वाक्यहरू दिएर पढ्न लगाउने जस्ता कार्यकलापहरू कक्षाकोठामा गर्दै आउनुभएको कुरा व्यक्त गर्नुभएको छ ।

*कमजोर विद्यार्थीहरूलाई अब्बल विद्यार्थीको सरहमा लैजान के उपाय अपनाउनुभएको छ* भनी दोस्रो प्रश्न गर्दा उहाँहरूले त्यस्ता विद्यार्थी प्रोत्साहनका लागि

जान्ने नजान्ने मिलाएर राख्ने, एउटा साथीले अर्को साथीलाई पढाउन लगाउने र एकअर्काले लेखेको कुरा जाँच्न लगाउने गर्दै आउनुभएको कुरा बताउनुभएको छ । उहाहरूबाट प्रश्नोत्तरको क्रममा बिग्रिएको शब्दमा गोलो लगाउन लगाउने र राम्रो गर्ने विद्यार्थीहरूलाई प्रोत्साहनका लागि पुरस्कार दिने गर्नुभएको छ भन्ने व्यक्त भएको छ ।

उहाँहरूको बुझाइमा *विद्यार्थीहरूलाई पाठ्यपुस्तक बाहेक अन्य पुस्तकहरू पढ्न प्रेरित गर्नुभएको छ* भनी प्रश्न गर्दा विद्यार्थीहरू कहिलेकाहीँ पुस्तकालय गएर अन्य पुस्तकहरू पढ्ने गरेका, के पढ्यौ भनेर प्रश्न गर्दा रमाइलो मान्दै आफूले पढेको कुरा सुनाउने गरेका र केही कमजोर विद्यार्थी भने पुस्तकमा भएका चित्र हेरेर रमाउने गरेको कुरा भन्ने गरेका छन् ।

*विद्यार्थीहरूको पठनगति वृद्धिका लागि के उपाय अपनाउनुभएको छ* भनी प्रश्न गर्दा उहाँरूबाट कहिलेकाहीँ पठनगति वृद्धिका लागि टेलिभिजनमा पनि कुनै श्रष्टाको जीवनी देखाउँदै छोटा अनुच्छेद पढ्न लगाउने गरेको अभिव्यक्ति आएको छ । यस सिलसिलामा विद्यार्थीहरूको पठनगति वृद्धिका लागि उनीहरूलाई आज एक अनुच्छेद पढ्यौ र भोलि दुई अनुच्छेद शुद्धसँग पढ्न सक्यौ भने पुरस्कार दिन्छु भनी प्रोत्साहन गर्दै आएको धारणा व्यक्त भएको छ ।

*विद्यार्थीहरू पाठ्यपुस्तक पढ्न बढी मन पराउँछन् कि अन्य पुस्तकहरू* भन्ने प्रश्न गर्दा उहाहरूबाट पाठ्यपुस्तकमा र अन्य पुस्तकमा पनि कथाहरू नै बढी पढ्न मन पराउनेगरेको कुरा आएको छ । *जातीय दृष्टिकोणका आधारमा विद्यार्थीहरूको पठनगतिमा फरक देख्नुभएको छ* भन्ने प्रश्नको जवाफमा पठनगति मा अन्य भाषिक पृष्ठभूमिका विद्यार्थीभन्दा भोजपुरी भाषी पृष्ठभूमिका विद्यार्थीलाई कक्षामा नेपाली भाषामा शिक्षण गर्न गाह्रो भएको कुरा आएको छ । यस सन्दर्भमा भोजपुरी भाषीका बालबालिकासँग कक्षामा पनि भोजपुरी नै बोल्नुपर्ने र नेपाली भाषामा शिक्षण गर्दा त्यस्ता विद्यार्थीलाई समस्या परेको छ भन्ने धारणासमेत आएको छ । भोजपुरी भाषी बालबालिकाहरूको घरायसी भाषिक पृष्ठभूमि नै भोजपूरी भएकाले नेपाली भाषामा शिक्षण गर्न कठिनाइ हुनेगरेको कुरा अभिव्यक्त भएको छ ।

त्यसैगरी *लैङ्गिक अवस्थाले के कस्तो प्रभाव पारेको छ* भन्ने प्रश्नको जवाफमा उक्त कक्षामा लैङ्गिक अवस्थाले पठनगति मा कुनै प्रभाव परेको छैन भन्ने धारणा आएको छ । *विद्यार्थीको पठनगति बढाउन के कस्ता उपाय अपनाउन सकिएला* भनी प्रश्न गर्दा सबैभन्दा पहिले सबै विद्यार्थीहरूलाई समान व्यवहार गर्ने, जान्ने नजान्ने विद्यार्थीहरूलाई मिलाएर राख्ने, प्रोत्साहनका लागि कहिलेकाहीँ पुरस्कार दिने र अतिरिक्त क्रियाकलाप गराउने गरेको जवाफ आएको छ ।। यसो गरेमा विद्यार्थीहरूको पठनगति वृद्धि गराउन सकिन्छ भन्ने उहाँहरूको धारणा रहेको छ ।

***संस्थागत विद्यालयका शिक्षकको पठनगतिसम्बन्धी धारणा***

यसमा पठनगतिसम्बन्धी संस्थागत विद्यालयका शिक्षकसँग निर्धारित प्रश्नावलीमा केन्द्रित भएर गरिएको अन्तर्वार्ताको नतिजा प्रस्तुत गरिएको छ । उहाँहरूको विचारमा विद्यार्थीहरूको पठनगतिस्तर बढाउन सर्वप्रथम विद्यार्थीहरूले पठनमा गर्ने त्रुटि निराकरणमा ध्यान दिनुपर्छ । यस सन्दर्भमा कक्षामा विद्यार्थीहरूको पठनगतिस्तर वृद्धिका लागि निश्चित समय दिएर कुनै अनुच्छेद पढ्न लगाउन सकेमा अन्य कमजोर विद्यार्थीहरूलाई पनि प्रोत्साहन गर्न सकिन्छ भन्ने धारणा आएको छ । पुरस्कार दिने गर्नाले यसमा सुधार ल्याउन मदत पुग्ने विचार आएको छ ।

उहाँहरूले विद्यार्थीहरूलाई पाठ्यपुस्तकबाहेक अन्य पुस्तकहरू पढ्न प्रोत्साहन गर्नका लागि रङ्गीन पुस्तकहरू उपलब्ध गराउन सक्नुपर्छ भन्ने विचार दिनुभएको छ । विद्यार्थीहरूको पठनगति वृद्धि गर्न अपनाउन सकिने उपायहरूमा विद्यार्थीको रुचिअनुसारका पाठ्यपुस्तकहरू पढ्न दिन सकिन्छ, कक्षामा विद्यार्थीहरूलाई पालैपालो पढ्न लगाउन सकिन्छ, शुद्ध र छिटो पढ्ने विद्यार्थीहरूलाई पुरस्कार दिएर प्ररित गर्न सकिन्छ र ढिलो पढ्ने विद्यार्थीहरूलाई हौसला दिँदै अर्कोपटक राम्रो गर्दा पुरष्कृत हुन सकिन्छ भनेर नियमित प्रोत्साहन गर्नु आवश्यक हुन्छ भन्ने आधार प्रस्तुत भएका छन् । त्यस्तै भाषिक तथा लैङ्गिक अवस्थाले विद्यार्थीहरूको पठनगतिस्तरमा भाषिक अवस्थाले केही प्रभाव पारे पनि लैङ्गिक अवस्थाले त्यति धेरै प्रभाव नपार्ने उहाँहरूको धरणा रहेको देखिन्छ ।

**पठनगतिसम्बन्धी विद्यार्थीको धारणा**

पठनगतिसम्बन्धी दक्षता हासिल गर्नका लागि विद्यार्थी स्वयम् एक जिम्मेवार पक्ष मानिन्छ । यहाँ विद्यार्थीहरूमा पठनगतिसम्बन्धी रहेको बुझाइका सम्बन्धमा प्रश्नावलीका माध्यमबाट आएका मुख्य सूचनाको व्याख्या प्रस्तुत गरिएको छ ।

***सामुदायिक विद्यालयका छात्राको बुझाइ***

पठनगतिका सम्बन्धमा छात्रासँग गरिएको कुराकानीबाट धारणा लिने काम गरिको छ । पढ्न मन लाग्छ कि लाग्दैन भनी प्रश्न गर्दा पढ्न मन लाग्छ भन्ने जवाफ आएको छ । कुन विषय पढ्न मनपर्छ भन्दा नेपाली र गणित विषय मन पर्छ भन्ने उत्तर आएको छ । नेपाली विषयअन्तर्गत कुन कुन पाठहरू बढी पढ्न मनपर्छ भन्दा कथा र कविता भन्ने र तीमध्ये कविताको **सबै मेरा गुरु** भन्ने पाठ अझ धेरै मनपर्छ भन्ने उत्तर आएको छ । शिक्षकले कक्षामा कहिलेकाहीँ उठाएर सस्वरवाचन गर्न लगाउनुभएको छ भनी सोध्दा सस्वरवाचन गर्न र कहिलेकाहीँ कक्षाकोठा अगाडि बोलाएर पढ्न लगाउने गर्दा आफूलाई रमाइलो लाग्ने गरेको भन्ने उत्तर आएको छ । पाठ्यपुस्तक बाहेक अन्य पुस्तकहरू पढ्ने गरेका छौ भनेर सोध्दा कहिलेकाहीँ विद्यालयको पुस्तकालयमा गएर अन्य पुस्तकहरू पनि पढ्ने गरिन्छ भन्ने जवाफ आएको छ । पुस्तकालयमा गएर धेरैजसो कुन पुस्तक पढ्छौ भनी सोधेको जवाफमा नेपाली किताब नै पढ्ने गरेको छु भन्ने उत्तर प्राप्त भएको छ । नियमित गृहकार्य गर्ने गरेका छौ भन्ने प्रश्नमा नियमित रूपमा गृहकार्य गरिन्छ भन्ने जवाफ आएको छ ।

***सामुदायिक विद्यालयका छात्रको बुझाइ***

पठनगतिका सम्बन्धमा छात्रसाग गरिएको कुराकानीबाट धारणा लिने काम गरिएको छ । पढ्न मन लाग्छ कि लाग्दैन *भनी* प्रश्न गर्दा पढ्न मन लाग्छ भनी जवाफ दिएका छन् । कुन विषय पढ्न मन लाग्छ भनी प्रश्न गर्दा अङ्ग्रेजी विषय पढ्न मनपर्छ भनी उत्तर आएको छ । अङ्ग्रेजी बाहेक अन्य कुन विषय पढ्न मनपर्छ भनी सोध्दा नेपाली विषय पढ्न मनपर्ने उत्तर आएको छ । नेपाली विषय अन्तर्गत कुन कुन पाठहरू अझ धेरै पढ्न मनपर्छ भनी सोध्दा कथाहरू पढ्न मनपर्ने र कथामा पनि **घमण्डीको फल** भन्ने पाठ अझ धेरै

मनपर्ने भन्ने उत्तर आएको छ । *शिक्षकले कहिलेकाहीँ उठाएर सस्वरवाचन गराउनुका साथै प्रश्नहरू सोध्ने गर्नुभएको छ* भनी सोध्दा पाठ पढिसकेपछि प्रश्न सोध्ने र नजाने आाफैले उत्तर भनिदिने गर्नुभएको भनी उत्तर दिएका छन् । *श्रुतिलेखन गराउने गर्नुभएको छ* भनी सोध्दा श्रुतिलेखन गराउने र श्रुतिलेखन गर्दा झन् रमाइलो लाग्ने भनी उत्तर आएको छ । *कहिलेकाहीा पुस्तकालय गएर पुस्तक पढ्ने गरेको छौ* भनी सोध्दा कहिलेकाहीा गइ अन्य पुस्तकहरू पढ्ने गरेको छु भनी उत्तर आएको छ ।

### ***संस्थागत विद्यालयका छात्राको बुझाइ***

पठनगतिका सम्बन्धमा छात्रासाग गरिएको कुराकानीबाट धारणा लिने काम गरिएको छ । *पढ्न मन लाग्छ कि लाग्दैन* भनी प्रश्न गर्दा पढ्न मन लाग्छ भनी जवाफ दिएका छन् । *कुन विषय पढ्न मन लाग्छ* भनी प्रश्न गर्दा नेपाली विषय पढ्न मनपर्छ भनी उत्तर आएको छ । *नेपाली पुस्तकभित्रका कुन पाठकरु पढ्न मनपर्छ* भनी सोध्दा कथाहरू धेरै मनपर्छ भनी उत्तर आएको छ ।  *कक्षामा गुरुले गर्नुभएका कस्ता क्रियाकलाप मनपर्छ* भनि प्रश्न गर्दा  गुरुले पाठ पढाइसकेपछि उठाएर प्रश्न गर्दा आफूलाई रमाइलो लाग्छ भनी उत्तर दिएका छन् । *कक्षा तथा घरमा पढ्दा मनमनै पढ्छौ कि आवाज निकालेर पढ्ने गरेका छौ* भनि सोध्दा उसले मनमनै पढ्दा नबुझिने भएकोले आवाज निकालेरै पढ्ने गरेको र यसरी पढ्दा बुझिने तथा रमाइलो पनि लाग्छ भनि जवाफ दिएका छन् ।। *पुस्तकालय जाने गरेका छौ*  भनि प्रश्न गर्दा उक्त छात्राले पुस्तकालय गएको छु तर पुस्तक भने पढेको छैन भन्ने उत्तर आएको छ । *पुस्तकालयमा गएर पनि पुस्तक पढ्न मन लाग्दैन* र भनि प्रश्न गर्दा पुस्तक पढ्न भन्दा पुस्तकमा भएका चित्रहरू हेर्न रमाइलो लाग्छ भनि जवाफ दिएका छन् ।

### ***संस्थागत विद्यालयका छात्रको बुझाइ***

पठनगतिका सम्बन्धमा छात्रसाग गरिएको कुराकानीबाट धारणा लिने काम गरिएको छ । *पढ्न मन लाग्छ कि* लाग्दैन भनी प्रश्न गर्दा पढ्न मन लाग्छ भनी जवाफ आएको छ । *कुन विषय पढ्न मन लाग्छ* भनी प्रश्न गर्दा नेपाली विषय पढ्न सजिलो लाग्ने भएकोले नेपाली विषय नै मनपर्छ भनी उत्तर आएको छ ।। *नेपाली पुस्तकबाट पनि धेरैजसो कुन पाठहरू पढ्न मन पर्छ* भनि सोध्दा कथाहरू पढ्न मनपर्छ भनि जवाफ आएको छ ।

*कहिलेकाहीँ कक्षाकोठामा पढ्ने गरेको पुस्तक बाहेक अन्य पुस्तकहरू पनि पढ्ने गरेका छौ* भनि पश्न सोध्दा आफ्नो आमाले कहिलेकाहीँ अफिसबाट अन्य रङ्गिन पुस्तकहरू ल्याइदिनुहुन्छ त्यहि किताब पढ्ने गरेको छु भनि जवाफ दिएका छन् । *कहिलेकाहीँ पुस्तकालय जाने गरेका छौ* भनि सोध्दा उक्त छात्रले पुस्तकालय गएको छु तर पुस्तक भने पढ्ने गरेको छैन भनि बताए । *पुस्तकालय गएर पुस्तक पढ्न मन पर्दैन* भनि प्रश्न गर्दा उसले कुनै पनि जवाफ नदिई चुपचाप मात्र लागिरहैँ । *कक्षामा कहिलेकाहीँ शिक्षकले श्रुतिलेखन गराउने गर्नुभएको छ* भनि प्रश्न गर्दा श्रुतिलेखन गराउने र श्रुतिलेखन गर्न पाउँदा आफूलाई पनि रमाइलो लाग्छ भन्ने उत्तर आएको छ । *तिमीलाई कस्तो किताब पढ्न मनपर्छ* भनि प्रश्न गर्दा कक्षाकोठामा पढ्ने पुस्तकहरू भन्दा अन्य रङ्गिन पुस्तकहरू नै बढी मनपर्छ भन्ने उत्तर आएको छ । *गुरुले कक्षामा कस्ता क्रियाकलाप गराउनुहुँदा रमाइलो लाग्छ* त भनेर प्रश्न गर्दा उक्त छात्रले आफूसँगै सस्वरवाचन गराउनुहुँदा गुरुको पछिपछि पढ्न रमाइलो लाग्छ भन्ने जवाफ दिएका छन् ।

# अध्याय पाँच

# उपसंहार

## प्राप्ति

विद्यार्थीहरूमा पठनगति विकास गराउनका लागि शिक्षकहरूले कक्षाकोठामा हुने शिक्षण बाहेक अन्य पुस्तकहरू पढ्न प्रेरित गर्दै आएको पाइएको छ। नियमित रूपमा पढाइ हुने पुस्तक बाहेक अन्य पुस्तकहरू पढ्नाले पठनगति विकास भएको कुरा अध्ययनबाट प्राप्त भएको छ। शुद्धसँग पढ्न नसक्ने र अक्षर नचिन्ने बालबालिकाहरूको पठनगति वृद्धि गर्न यसका साथै अशुद्धतामा न्यनीकरण गर्नको लागि पढाइ सिपको महत्त्व भएको कुरा यस शोध अध्ययनबाट प्राप्त भएको छ।

कक्षा चारमा अध्ययन गर्ने विद्यार्थीहरूको प्रतिमिनेट पठनगति स्तर १०० - १४० रहेको सिद्धान्तले देखाएको छ। कक्षा चारको विद्यार्थीहरूको प्रतिमिनेट पठनगति स्तरलाई निम्न, मध्य र उच्च गरी अलग अलग रूपमा निर्धारण गरिएको छ।

### *उच्च पठनगति स्तर*

पठनगति स्तरका लागि छनोट गरिएका १६ जना विद्यार्थीमध्ये १ जना विद्यार्थी जसको प्रतिमिनेट पठनगति स्तर ११५ रहेको अध्ययनबाट प्राप्त भएको छ। उक्त विद्यार्थीको पठनगति स्तर उच्च रहेको छ।

### *मध्यम पठनगति स्तर*

पठनगति स्तरका लागि छनोट गरिएका १६ जना विद्यार्थीमध्ये १२ जना विद्यार्थीहरू मध्यम पठनगति स्तरमा रहेका छन्। उक्त विद्यार्थीहरूको प्रतिमिनेट पठनगति स्तर ५० भन्दा माथि र १०० भन्दा कम रहेको छ। जुन सिद्धान्तअनुसार मध्यम मान्न सकिन्छ।

### *निम्न पठनगति स्तर*

पठनगति स्तरका लागि छनोट गरिएका १६ जना विद्यार्थीमध्ये ३ जना विद्यार्थीहरू निम्न पठनगति स्तरमा रहेको छ। जसमा उक्त विद्यार्थीहरूको प्रतिमिनेट पठनगति स्तर २८, ३६ र ४५ रहेको अध्ययनबाट प्राप्त भएको छ।

## निष्कर्ष

प्रस्तुत शोधकार्यमा आधारभूत तह कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको पठनगतिस्तर मापन गरिएको छ । यसका लागि लैङ्गिक भिन्नता, भाषिक भिन्नता, विद्यालयगत भिन्नता र शिक्षक तथा विद्यार्थीको अवधारणागत भिन्नतालाई तथ्य विश्लेषणमा समेटिएको छ । यस अध्ययनबाट लैङ्गिक भिन्नतातर्फ छात्रहरू (४८.५ औसत) को तुलनामा छात्राहरू (७०.२५ औसत) को पठनगतिस्तरको औसत मान बढी देखिन्छ । यसमा एकजना छात्राले प्रतिमिनेट ११५ शब्दसम्म पढेको पाइन्छ जुन पठनगतिस्तरको सिद्धान्तअनुसार मेल खान्छ । एक जना छात्रले २८ शब्द पढेको देखिन्छ जुन सिद्धान्ततः कमजोर पठनमा गनिन्छ । त्यस्तै भाषिक भिन्नताका दृष्टिले नेपाली भाषी छात्रछात्रा (६१.२५ औसत) भन्दा नेपाली इतर भाषी छात्रछात्रा (५७.५ औसत) पठनगतिस्तर कम देखिन्छ, जुन सिद्धान्ततः कम हो ।

विद्यालयगत भिन्नताका दृष्टिले निर्धारित चार विद्यालयहरूमध्ये सामुदायिक विद्यालयका छात्रछात्रा (५२.७५) भन्दा संस्थागत विद्यालयका छात्रछात्रा (६६) को पठनगतिस्तर सबल देखिन्छ । त्यस्तै शिक्षकको पठनगतिसम्बद्ध अवधारणागत भिन्नतालाई हेर्दा सामुदायिक विद्यालयका शिक्षकले पठनगतिको मर्मअनुसार शुद्धसँग पढ्न नसक्ने र शब्द नचिन्ने बालबालिकाहरूलाई पढाइ सिपको विकासका लागि भाषा शिक्षण सिकाइमा पठनगतिको महत्त्व रहेको धारणा व्यक्त गरेका छन् । त्यस्तै संस्थागत विद्यालयका शिक्षकहरूमा पनि पठनगतिसम्बन्धी सुझ राम्रो रहेकै कारण विद्यार्थीहरूको पठनगति क्षमता वृद्धिको साथै पठनमा हुन सक्ने कमजोरी निराकरणका लागि पठनगतिको महत्त्व रहेको धारणा व्यक्त गरेका छन् । यो लगभग समान देखिन्छ ।

### *विद्यार्थीको अवधारणागत भिन्नता*

विद्यार्थीहरूमा पठनगति सम्बन्धी के कस्तो धारणा रहेको छ भन्ने कुरा बुझनको लागि केही प्रश्नहरू निर्माण गरी सूचना सङ्कलन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका सहभागी विद्यार्थीहरूमा प्रश्नावलीको माध्यमबाट पठनगति सम्बन्धी धारणा बुझदा केहीमा समानता त केहीमा भने फरकपन देखियो । पठनगति सम्बन्धी दक्षता वृद्धि गर्नको लागि मौनपठनभन्दा सस्वर पठन बढी उपयोगी लाग्ने भन्ने धारणा केही

विद्यार्थीहरूले व्यक्त गरेका छन् भने केहीले भने मौनपठन नै उपयोगी लाग्ने विचार व्यक्त गरेका छन् । कक्षाकोठामा पढ्ने नियमित पुस्तक बाहेक कहिलेकाहीँ अन्य (बालकथा) पुस्तकहरू पढ्दा रमाइलो लाग्ने विचार व्यक्त गरेका छन् भने केहीले भने नेपाली पुस्तक भित्रका कथा, कविताहरू पढ्न मनपर्ने कुरा गरेका छन् ।

त्यसैगरी कक्षाकोठामा गरिने श्रुतिलेखन, सस्वर पठन, मौनपठन, शिक्षकसँग गरिने प्रश्नोत्तर र शब्दार्थ शिक्षण जस्ता कार्यहरूबाट पठनगति सम्बन्धी दक्षता वृद्धि हुने धारणा व्यक्त गरेका छन् ।

***शिक्षकको अवधारणागत भिन्नता***

शिक्षकहरूमा पठनगति सम्बन्धी के कस्तो धारणा रहेको छ भन्ने बुझ्नको लागि केही खुला प्रश्नहरू निर्माण गरी अन्तर्वार्ता गरेर सूचना सङ्कलन गरिएको छ । दुई जना शिक्षकसँग गरिएको अन्तर्वार्तामा पठनगतिका सम्बन्धमा सामुदायिक विद्यालयका शिक्षकले विद्यार्थीहरूको पढाइ सिप वृद्धि गर्नको लागि कक्षामा छोटा छोटा अनुच्छेदहरू पढ्न लगाउन सकिन्छ भन्ने धारणा व्यक्त गर्नुभएको छ । पुस्तकालय गएर नियमित पढ्ने पुस्तक बाहेक अन्य पुस्तक पढ्नको लागि प्रेरित गर्ने गरेको धारणा व्यक्त गर्नुभएको छ । संस्थागत विद्यालयका शिक्षकले विद्यार्थीहरूको पठनगति वृद्धि गर्न छोटा छरिता अनुच्छेद पढ्न लगाउनाले पठनमा हुने त्रुटि निराकरण गर्न सकिने धारणा व्यक्त गर्नुभएको छ । जुन दुबै विद्यालयका शिक्षकहरूको पठनगति सम्बन्धी धारणा समान रहेको पाइयो ।

**शैक्षणिक उपादेयता**

पठन सिप विकासको आधारभूत र महत्त्वपूर्ण पक्ष भनेको पठनगति हो । पठनगतिको सम्बन्ध पठनबोधसँग हुन्छ । पठनबोध अभिव्यक्तिकलासँग सम्बन्धित हुन्छ । लेख्य चिह्न, उद्गार चिह्न आदिको राम्रो ख्याल गरी पढ्न र वर्ण, अक्षर, शब्द एवम् वाक्यको शुद्ध तथा स्पष्टसँग उच्चारण गर्ने कार्यसँग पठनगतिको सम्बन्ध जोडिएको हुन्छ । भाषा सिकाइको थालनी सुनाइ र बोलाइबाट भए पनि प्रारम्भिक चरणको पहिलो खुड्किलाका रूपमा पठन क्षमतालाई लिने गरिछ । यसबाट सम्पूर्ण क्रियाकलाप सञ्चालन

हुने भएकाले यस किसिमका अध्ययनहरूको शैक्षणिक महत्त्व मानव जीवनमा अत्यधिक छ भन्ने विश्वास गरिएको छ ।

प्रत्येक शिक्षकले पठनगति विकासका लागि प्रारम्भिक कक्षादेखि नै यससम्बन्धी पर्याप्त अभ्यास गराउनुपर्ने भएकाले यस अध्ययनबाट विशेष सहयोग प्राप्त गर्न सक्छन् भन्ने अपेक्षा गरिएको छ । त्यस्तै पठनगतिस्तर सबल भए पठनबोध क्षमता बलियो हुने, पठनबोध क्षमता बलियो भए अभिव्यक्ति क्षमता सबल हुने हुँदा यस अध्ययनबाट पढ्ने विद्यार्थी र पढाउने शिक्षकले प्रत्यक्ष लाभ लिनसक्छन् भन्ने विश्वास गरिएको छ । विद्यार्थीहरूको पठनगतिस्तर वृद्धिका लागि शिक्षकका अतिरिक्त अभिभावकहरूको समेत महत्त्वपूर्ण भूमिका हुने हुँदा यस अध्ययनबाट शिक्षित अभिभावकहरूले प्रशस्त लाभ लिन सक्छन् भन्ने अपेक्षा गरिएको छ ।

प्रस्तुत अध्ययन पठन विविधताका साथै आआफ्नो पठनक्षमता पहिचान गर्न, हाउभाउको सन्तुलन मिलाएर पढ्न, गति यति मिलाई पढ्न, शुद्ध पढ्न, अकमकिएर, दोहोऱ्याएर पढ्ने र ढिलो पढ्ने बानीमा सुधार गर्न विद्यार्थीहरूका लागि उपयोगी हुने विश्वास गरिएको छ ।

**भावी अध्ययनका सम्भावित शीर्षकहरू**

पठनगतिका सम्बन्धमा प्रधानाध्यापकको बुझाइ

पठनगति सम्बन्धी कक्षा ४ र ५ को तुलनात्मक अध्ययन

पठनगतिका सम्बन्धमा अभिभावकको बुझाइ

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०३९/२०४६), *नेपाली भाषा शिक्षण,* त्रि.वि. छापाखाना कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०५०), *नेपाली भाषा शिक्षण,* कुञ्जन प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०५५), *प्रारम्भिक नेपाली शिक्षा,* विद्यार्थी पुस्तक भण्डार ।

*आधारभूत शिक्षा पाठ्यक्रम* (२०७९), पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

उल्फ र कजिर/Wolf, M., & Katzir-Cohen, T. (2001). Reading fluency and its intervention. In The Role of Fluency in Reading Competence, Assessment, and instruction (pp. 211-238). Routledge. http://surl.li/zwytvp

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति,* स्टुडेन्टस् बुक्स पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स ।

क्यार्भर/Carver, R. P. (1990). *Reading rate: A review of research and theory*. Academic Press. https://psycnet.apa.org/record/1990-98853-000

गिरी, हरिकुमारी (२०६२), *कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको सस्वर पठन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली शिक्षा विभाग ।

चु र यु /Chu, L., Li, P. H., & Yu, M. N. (2020). The longitudinal effect of children’s self-regulated learning on reading habits and well-being. *International Journal of Educational Research, 104*, 101673. https://doi.org/10.1016/j.ijer.2020.101673

ढकाल, शान्तिप्रसाद (२०६८), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* शुभकामना प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०४४) फूलपात निबन्ध सङ्ग्रह, रत्न पुस्तक भण्डार ।

*प्रारम्भिक कक्षामा पठन सिप विकास,* शैक्षिक जनशक्ति विकास केन्द्र ।

पातले /Patle, P. (2025, February 10). पठन कौशल-परिभाषा, अर्थ, उद्देश्य और प्रकार [Reading skills – definition, meaning, objectives and types]. *Adda247*. https://www.adda247.com/teaching-jobs-exam/pathan-koshal-hindi-pedagogy2/?srsltid=AfmBOopUQitbg3sWWfmCvKWYXQhI6FV_qUoCRIkdv4LiPNJzm33aJAuO

फुच र अन्य/ Fuchs, L. S., Fuchs, D., Hosp, M. K., & Jenkins, J. R. (2001). Oral reading fluency as an indicator of reading competence: A theoretical, empirical, and historical analysis. In *The role of fluency in reading competence, assessment, and instruction* (pp. 239-256). Routledge. https://www.researchgate.net/publication/228028412

भट्टराई, रामप्रसाद, कँडेल, श्रीप्रसाद, अर्याल, कलाधर, शर्मा, विष्णुप्रसाद, विष्ट, वासुदेव, र भट्टराई, तीर्थराज (२०७४), *नेपाली भाषा शिक्षण,* शुभकामना प्रकाशन ।

सुवेदी, भूमिप्रसाद (२०६०), *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको सस्वर पठन क्षमताको अध्ययन* प्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली शिक्षा विभाग

## परिशिष्ट १

## पठनगति परीक्षणका लागि दिइएको आधार सामग्री

### (क) म रेडियो हुँ

१. म रेडियो हुँ । संसारमा विज्ञानले धेरै चमत्कार ल्याएको छ । म पनि त्यस्तै उपयोगी अनौठो आविष्कार हुँ । म रातोदिन दुनियाभरको समाचार भन्छु । कथा, गीत, नाटक सुनाउँछु । ज्ञान विज्ञानसम्बन्धी कुरा बताउँछु । मानिसहरू मेरो आवाज चाख मानेर सन्छन्, त्यो आवाज सुनेर आनन्द लिन्छन् र त्यसबाट धेरै नयाँ कुरा थाहा पाउँछन् । अरू को सेवा गर्न पाउँदा मलाई पनि असाध्यै खुसी लाग्छ ।

मेरो चल्तीको नाम रेडियो हो । विद्युत तरङ्गमा सञ्चालित भएर आकाशमार्गबाट आउने हुनाले कोही-कोही मलाई 'आकाशवाणी' पनि भन्ने गर्छन् । प्राचीन कालमा आकाशवाणीको उल्लेख हुन्थ्यो । भारतका सबै प्रसारण केन्द्रलाई अहिले पनि आकाशवाणी नै भन्ने गरिन्छ ।

२. मेरो प्रचार घरघरमा भएको छ । म दुःखी र सुखीका साथमा जहाँतहीँ गुन्जिरहन्छु । मानिसहरू सुति-सुति र बसी-बसी मेरो आवाज सुन्न पाउँछन् । साँच्चै भन्ने हो भने म बोल्नासाथ बिहान हुन्छ र चुप नलागुन्जेल रात पर्दैन । आफ्नो देशका र बाहिरका पनि मुख्य-मुख्य भाषामा म कार्यक्रमको प्रसारण गर्छु । प्रत्येक साँझ बिहान तपाईहरू सुन्नुहुनेछ -"यो रडियो नेपाल हो, अब एकैछिनमा सुन्नुहुनेछ नेपालीमा समाचार ।" अहिले हामी स्तर र सिपको विकासमा निकै राम्रो छौँ । म तपाईहरूकै दुःख-सुखको हुँ । मेरो उपयोग थुप्रै छ । सूचना समाचार तथा अरू विभिन्न कुराको ज्ञान प्राप्तिका लागि म श्रवण केन्द्र हुँ । मनोरञ्जनको साधन पनि हुँ । मैले तपाईहरूलाई सुरिलो आवाजमा मीठा गीत सुनाएको छु, शिक्षाको प्रचार र अरू रमाइला कार्यक्रममा तपाईहरूलाई साथ दिएको छु । अन्तराष्ट्रिय नागरिक जीवन दह्रिलो बनाउनमा पनि मैले सक्दो सघाउ पुऱ्याएको छु । तपाईहरू मेरो कार्यक्रम सुन्नुहोस्,त्यसै पनि मक्ख पर्नुहुन्छ, सके ताली नै बजाउनुहोला ।

लौ, अब त पत्याउनुहोस्, म के हुँ र को हुँ ? म आधुनिक यूगको एउटा वरदान सावित भइसकेको छु । तपाईले जे जान्न चाहनुहुन्छ,म त्यो दिन्छु । तपाई जे सुन्न चाहनुहुन्छ, म त्यो सुनाउँछु । कोठामा राख्नुहोस्, टेबलमा सजाउनुहोस् अथवा सिरानकै छेउमा पुऱ्याउनुहोस् । म नाइनास्ति गर्दिन, किनभने म तपाईकै साथी हुँ । भन्नुहोस्, साँच्चै म को हुँ त ? तपाईले पनि राम्रै चिन्नुभयो होला - म रेडियो हुँ ।

(ख) एक सहरमा फर्चुन नाम गरेको व्यापारी बस्दथ्यो । उसका तीन छोरीहरू थिए । ऊ ज्यादै धनी थियो । ऊ आफ्ना छोरीहरूलाई ज्यादै माया गर्थ्यो । उसका तीन छोरीहरूमध्ये पहिलोको नाम गेटरुट थियो । ऊ गरगहनाकी सौखिन थिई । अर्कोको नाम हर्मन थियो । ऊ नयाँ पोशाककी सौखिन थिइ । कान्छी छोरीको नाम सुन्दरी थियो । उसलाई गरगहना र पोशाकप्रति वास्ता थिएन । ऊ प्रकृतिप्रेमी थिई ।

एकदिन फर्चुन घर फर्किदा अनुहारको रङ्ग फुङ्ग उडेको थियो । बाबुको हालत देखेर सुन्दरी हतारिँदै “के भयो बाबा” भनेर सोध्न थाली । तर गेटरुट र हर्मनले केही मतलव नै राखेनन् ।

फर्चुनले दु:ख मान्दै आफ्ना दु:खद घटना सुनाउन थाल्यो । “मेरा प्यारा छोरीहरू, म तिमीहरूलाई दु:खद घटना सुनाउँदै छु । व्यापारको सिलसिलामा विदेशबाट झिकाइएका सामान सहितको पानी जहाज आकस्मिक रूपमा समुद्रमा डुब्यो । मैले सामान झिकाउँदा लिएको ऋृण अब म तिर्न नसक्ने अवस्थामा छु । ऋृण तिर्नका लागि हामीले यो घर बेच्नुपर्ने हुन्छ ।”

सुन्दरीले आफ्ना बाबुलाई ढाढस दिँदै भनी, “सबै कूरा मिल्दै जानेछ । हिम्मत हार्नु हुँदैन ।” हर्मनले सुन्दरीसँग रिसाउँदै भनी, हाम्रो घरको अवस्था अझै ठीक हुन्छ जस्तो लाग्छ ? अब केही पनि ठीक हुँदैन ।” गेटरुटले थपी, “हामी अब भिखारी भइसक्यौं ।”

केही दिनपछि फर्चुन आफ्ना छोरीहरूलाई लिएर सहरबाट बसाइँ सर्ने विचारले गाउँतर्फ लाग्यो । जाने क्रममा निकै घनघोरसँग आँधीबेरी आइरहेको थियो । उनीहरू चुपचाप बूढो घोडालाई साथ लिएर स-परिवार एकसुरले बाटो लाग्दै थिए ।

लामो यात्रापछि उनीहरूले पुरानो झुपडी देखे । उनीहरू थाकेर एक पाइला पनि सार्न नसक्ने अवस्थामा पुगेका थिए । त्यो रात उनीहरू त्यहिँ झुपडीमा स-परिवार बास बसे । त्यहि झुपडी पछि उनीहरूको घर पो बन्न पुग्यो ।

फर्चुनले सकेसम्म आफ्ना छोरीहरूलाई खुसी राख्न खोज्यो । सुन्दरीले चाहिँ सधैँ बाबुको काममा सहयोग पुऱ्याउँथी । तर गेटरुट र हर्मन चाहीँ बाबुलाई गुनासो पोख्दै बस्थे । सुन्दरीले कहिले पनि आफूले पाएको दुःख बाबुसँग पोख्दिनथी । बाबुले छोरीहरूको दुःखबारे सबै थाहा भएर पनि खास केही गर्न सक्दैनथ्यो । छोरीहरूको दुःख देखेर उसलाई साह्रै नरमाइलो लाग्थ्यो ।

अचानक उनीहरू बसिरहेको घरमा एउटा चिठी आयो । चिठीमा धेरै पहिला डुबेको पानीजहाज भेटिएको र त्यो जहाजमा फर्चुनको सामान हुन सक्ने कुरा लेखिएको थियो । तपाईको सामान भए लिएर जान सक्नुहुनेछ भन्ने कुरा चिठीमा उल्लेख गरिएको थियो । उसले उक्त चिठी पाएपछि आफ्ना मूल्यवान् सामानहरू हुन सक्ने विचार गर्यो । यस्तो खबर पाउनसाथ ऊ त्यस सहरमा जाने तयारीमा लाग्यो । फर्चुनले खुसी हुँदै छोरीहरूलाई सोध्यो, "तिमीहरूलाई केही चिज चाहिन्छ कि ?" गेटरुटले तुरुन्तै भनि मलाई त मातीको हार चाहिन्छ । यसपछि हर्मनले आफूलाई रेशमी कपडाहरू ल्याइदिनु भनि । तर सुन्दरी चाहीँ चूपचाप लागेर बसी ।

फर्चुनले कर गर्दै सुन्दरीलाई भन्यो, "तिमी पनि केही माग न ।" उसले भनि, "बाबा तपाईको यात्रा सुरक्षित रहोस् ।" यसोभन्दा ऊ मनमनै सोच्छे 'ओहो ! बाबाले मलाई एउटा सुन्दर राजकुमार ल्याइदिए क्या मज्जा हुने थियो ।' तर यी कुरा मनमा नै दबाउँदै ऊ आफूलाई एउटा गुलाफको फूल ल्याइदिन आग्रह गर्छे ।

३. मेरो आविष्कार सबभन्दा पहिले इटालीका वैज्ञानिक मार्कोनीले १९२१इ.मा गरेका हुन् । मेरो खोजीमा भारतका वैज्ञानिक जगदीशचन्द्र बोसले पनि प्रयास गरेका थिए, तर सफलता मिल्यो इटालीका मार्कोनीलाइ नै । उनले मानिसले बोलेको कुरा ध्वनि तरङ्ग बनेर हावामा घुमिरहन्छ र त्यसलाई विजुलीको शक्तिले तानेर फैलाउँछ भन्ने सिद्ध गरे । उहिले प्रसारण केन्द्रको स्थापनाबाट खबर ओसारपोसार हन्थ्यो । तर बेला-बेलामा तिनका नसाहरू चुँडिने भएकाले निकै असजिलो पर्थ्यो । मेरो

आविष्कार पछि संसारको ठूलो सेवा हुन  थाल्यो । म समाजमा खबर, सूचना आदि सुनाउने र मनोरञ्जन दिने साधन भएर जन्मिए ।

४. म हरेक दिन नयाँ -नयाँ समाचार सनाउँछु । विश्वका कुनाकाप्चामा बसेर पनि मानिसहरू धेरै नयाँ कुरा थाहा पाउँछन् । गीत, कविता,रूपक आदि सुनेर उनीहरू एकछिन भएपनि दुःख कष्ट बिर्सन्छन् । बाटामा हिँड्दाहिँड्दै पनि 'अहिले सुन्दै हुनुहुन्थ्यो नारायणगोपालको स्वर,अब सुन्नुहोस् तारादेवीको स्वर' जस्तो आवाज तपाईहरूको कानमा पर्छ । मबाट समाचार पत्रको खाँचो धेरै अंशमा पूरा हुन्छ । राष्ट्रिय र अन्तराष्ट्रिय दुवै तहमा मैले महत्त्वपूर्ण भूमिका खेलेको छु । मानिसहरूमा शैक्षिक स्तरको विकास गर्नमा पनि मैले मदत पुऱ्याएको छु ।

## परिशिष्ट २

### पठनगतिसम्बद्ध विद्यार्थीको अवधारणा बुझ्न सोधिएका प्रश्नहरू

(क) तिमीलाई पढ्न मन लाग्छ कि लाग्दैन ?

(ख) पाठ्यपुस्तकका कस्ता पाठहरू पढ्न मन लाग्छ ?

(ग) पाठ्यपुस्तक बाहेक बाहिरका पुस्तक पढ्ने गरेका छौं ?

(घ) कस्ता किताब पाए पढ्न मन लाग्छ ?

(ङ) गुरुले कक्षामा गर्नुभएका कस्ता कार्यकलाप मनपर्छ ?

(च) आवाज विकालेर पढ्न मन पर्छ कि मनमनै ?

(छ) पुस्तक पढ्न पुस्तकालय गएका छौ ?

## परिशिष्ट ३

## पठनगतिसम्बद्ध शिक्षकको अवधारणा बुझ्न सोधिएका प्रश्नहरू

(क) भाषा शिक्षणमा पढाइ सिपको महत्त्वलाई कसरी बुझ्नुभएको छ ?

(ख) पठनगति  बढाउने उद्देश्यले कक्षामा केकस्ता कार्यकलाप गराउँदै आउनुभएको छ ?

(ग) पाठ्यपुस्तकमा केन्द्रित हुनुहुन्छ कि पाठ्यपुस्तक बाहेकका पुस्तक पनि पढ्न प्रेरित गर्नुहुन्छ ?

(घ) जाति भाषा र लैङ्गिक अवस्थाले पठनगति मा फरक देख्नुभएको छ ?

(ङ) विद्यार्थीको पठनगति बढाउन केकस्ता उपायहरू अपनाउन सकिएला ?

## परिशिष्ट ४

## निर्धारित विद्यालयहरूको नाम र ठेगाना

**सामुदायिक विद्यालय**

१)	गीतामाता माध्यमिक विद्यालय, डल्लु काठमाडौं

२)	बालबिकास आधारधूत विद्यालय, ढल्कु काठमाडौं

**संस्थागत विद्यालय**

१)	माउन्ट ग्लोरी इङ्लिस बोर्डिङ् स्कूल, डल्लु काठमाडौँ

२)	दिव्यज्ञान इङ्लिस बोर्डिङ् स्कूल, डल्लु काठमाडौँ

## परिशिष्ट ५

## निर्धारित विद्यालयका नमुना विद्यार्थी सङ्केत

| | |
|---|---|
| क१ | गीतामाता माध्यमिक विद्यालय |
| क२ | |
| क३ | |
| क४ | |

| | |
|---|---|
| क५ | माउन्ट ग्लोरी इङ्लिस बोर्डिङ स्कूल |
| क६ | |
| क७ | |
| क८ | |

| | |
|---|---|
| ख१ | बालविबास आधारधूत विद्यालय |
| ख२ | |
| ख३ | |
| ख४ | |

| | |
|---|---|
| ख | दिव्यज्ञान इङ्लिस बोर्डिङ स्कूल |
| ख | |
| ख | |
| ख | |

# व्यक्तिवृत्त विवरण



| | | |
|---|---|---|
| नाम | : | सरिता थापा |
| ठेगाना | : | सहिद लखन गा. पा. १ गोरखा |
| बाबुको नाम | : | मिन बहादुर थापाा |
| आमाको नाम | : | मधु मालती थापा |
| लिङ्ग | : | महिला |
| धर्म | : | हिन्दु |
| भाषा | : | नेपाली |
| सम्पर्क नं. | : | ९८४१३३७१३१ |

| क.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण गरेको साल | श्रेणी |
|---|---|---|---|---|
| १ | प्रवेशिका | श्री बक्रेश्वर मा.वि. गोरखा | २०६३ | द्वितीय |
| २ | प्रवीणता | महेन्द्र रत्न क्याम्पस, काठमाडौं | २०६६ | द्वितीय |
| ३ | स्नातक | महेन्द्र रत्न क्याम्पस, काठमाडौं | २०७३ | तृतीय |
| ४ | स्नातकोत्तर | महेन्द्र रत्न क्याम्पस, काठमाडौं | २०८१ | |